2082/083

Annual Report



लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

पाल्पा अस्पताल

तानसेन, पाल्पा,

नेपाल

लुम्बिनी प्रदेश सरकार

स्वस्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

पाल्पा अस्पताल

तानसेन पाल्पा

मेरो भनाई

पाल्पा अस्पतालले आफ्नो स्थापना कालदेखि नै पाल्पा, स्याङ्जा, गुल्मी तथा अर्घाखाँची जिल्लाका बासिन्दालाई गुणस्तरीय, विश्वसनीय र सुलभ स्वास्थ्य सेवा निरन्तर प्रदान गर्दै आएको छ। स्वास्थ्य सेवाको सबल आधार तयार गरी, नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक स्वास्थ्य अधिकारलाई व्यवहारिक रूपमा सुनिश्चित गर्नु हाम्रो प्रमुख उद्देश्य रहेको छ। यही उद्देश्यअनुरूप, आ.व. २०८२/०८३ मा सम्पन्न भएका विविध स्वास्थ्य सेवा, कार्यक्रम तथा उपलब्धिहरूको समग्र विवरण समेटिएको यो वार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउँदा हामी अत्यन्त प्रसन्न छौं।

यस प्रतिवेदनमा अस्पतालबाट प्रदान गरिएका सेवाहरूका तथ्याङ्कहरू विगतका आ.व. हरूसँग तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ। साथै, सोही अवधिमा सम्पन्न क्रियाकलापहरू, प्राप्त उपलब्धिहरू, वित्तीय व्यवस्थापनका पक्षहरू लगायत अस्पतालका सार्वजनिक सेवासँग सम्बन्धित विषयहरूलाई पारदर्शिता र उत्तरदायित्वका दृष्टिले समेट्ने प्रयास गरिएको छ।

स्वास्थ्य क्षेत्रको संवेदनशीलतालाई ध्यानमा राखी, संघीय तथा प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नीतिहरू र योजनासँग समन्वय गर्दै, स्वास्थ्य सेवा सबैका लागि सुलभ, पहुँचयोग्य र गुणस्तरीय बनाउने हाम्रो लक्ष्य रहेको छ। हामीले बिरामीहरूलाई विशेषीकृत र प्रभावकारी सेवा प्रदान गर्न, सेवा प्रवाहलाई दक्ष, पारदर्शी र नतिजामुखी बनाउन आर्थिक, प्रशासनिक तथा सुशासनका अभ्यासहरूलाई सुदृढ पारिरहेका छौं। नयाँ पहलको रूपमा विहान ८ बजेबाट बेलुकी ५ बजेसम्म ओ.पी.डी. सेवा विस्तार गरिएको छ।

अस्पतालका कार्यक्रम र व्यवस्थापन कार्यहरू सफलतापूर्वक सञ्चालन गर्न निरन्तर सहयोग प्रदान गर्ने सामाजिक स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र तथा जनस्वास्थ्य प्रयोगशालाप्रति हार्दिक आभार व्यक्त गर्दछौं। साथै, अस्पताल व्यवस्थापन समिति, चिकित्सक, विभागीय प्रमुख, स्वास्थ्यकर्मी, प्रशासनिक तथा लेखा शाखाका प्रमुख, विमा काउन्टर, मेडिकल रेकर्डर लगायत सम्पूर्ण कर्मचारीहरूका प्रतिबद्धता र योगदानका लागि विशेष धन्यवाद ज्ञापन गर्दछौं।

यस वार्षिक प्रतिवेदन तयार पार्ने क्रममा सहयोग पुऱ्याउने अस्पतालका चिकित्सक, शाखा प्रमुखहरू तथा मेडिकल रेकर्डरहरूको प्रयासप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछौं। प्रतिवेदनमा केही कमजोरीहरू रहन सक्ने सम्भावना स्वीकार्दै, आगामी संस्करणलाई अझ परिष्कृत र प्रभावकारी बनाउन प्राप्त हुने सुझाव तथा सल्लाहले मार्गदर्शन गर्ने विश्वास लिएका छौं।

डा. शान्त बहादुर रोका मगर

नि.मे.सु

विषय सूची

विषय वस्तु	पेज नं
ABBREVIATIONS	vi
१. परिचय	७
१.१ पाल्पा जिल्लाको परिचयः	७
१.२ अस्पतालको उद्देश्यहरु	७
१.३ पाल्पा अस्पतालको स्थापना	९
१.४ पाल्पा अस्पतालको भौतिक संरचना	१०
१.५ प्रदेश सरकार अन्तर्गतको संरचना	११
१.६ अस्पतालमा अवस्थित वेड	११
२. अस्पतालबाट प्रदान गरिएको मुख्य सेवाहरुको तथ्यङ्किय विवरण	१३
२.१ ओ.पि.डि सेवा	१३
२.२ आकस्मिक विभाग	१५
२.३ इन्डोर विभाग	१५
२.४ सुरक्षित मातृत्व सेवा	१६
२.५ ल्याव विभाग	१७
२.६ सुरक्षित गर्भपतन सेवा	१८
२.७ फार्मेसी	१९
२.८ MCH Clinic	२०
२.९ गर्भवती जाँच सेवा	२०
२.१० परिवार नियोजन सेवा	२२
२.११ रेडियोलोजि सेवा	२४
२.११.१ X-Ray सेवा	२४
२.११.२ भिडियो एक्स-रे (USG) सेवा	२५

२.१२ इ.सि.जि सेवा २५
२.१३ क्षयरोग उपचार केन्द्र (DOTS) २५
२.१४ एक द्वार संकट व्यवस्थापन केन्द्र (OCMC) २६
२.१५ सामाजिक सेवा एकाई अन्तर्गत निशुल्क स्वास्थ्य सेवाः २९
२.१६ मेडिको लिगल सेवा ३०
२.१७ डेन्टल सेवा ३०
२.१८ आँखा सेवा विभाग ३१
२.१९ फिजियोथेरापि सेवा ३२
२.२० जेष्ठ नागरिक सेवा ३३
२.२१ माहामारीजन्य सोगहरुको शीघ्र सूचना प्रणाली (EWARS) ३३
२.२२ पाल्पा अस्पतालको फोहर व्यवस्थापन ३५
३. पाल्पा अस्पतालका सूचक ३६
३.१ Bed Occupancy Rate ३६
३.२ Average length of stay ३६
३.३ Throughput (Patients per Bed) ३६
३.४ Bed Turnover Interval ३६
३.५ पाल्पा अस्पतालमा रोग नियन्त्रण कार्यक्रम (Disease Control Program) ३७
३.६ न्यूनतम सेवा मापदण्ड MSS ३८
४ सारांश ३९
४.१ मुख्य उपलब्धिहरु ३९
४.२ समस्या र चुनौतीहरु ४०
४.३ भावी योजना ४०
अनुसूचि - १ ४२
अनुसूचि - २ ४४

अनुसूचि - ३ ४५

अनुसूचि - ४ ४६

अनुसूचि - ५ ४७

ABBREVIATIONS

AD	Anno Domini.
AGE	Acute gastroenteritis.
COPD	Chronic obstructive pulmonary disease.
DHIS 2	District Health Information Software-2.
DM	Diabetes Mellitus
HMIS	Health Management Information System.
LRTI	Lower Respiratory Tract Infection.
PUO	Pyrexia of unknown origin
URTI	Upper Respiratory Tract Infection.
UTI	Uninary Tract Infection.
आ व	आर्थिक वर्ष

१. परिचय

१.१. पाल्पा जिल्लाको परिचयः

लुम्बिनी प्रदेशमा रहेका १२ जिल्ला मध्ये पाल्पा जिल्ला एक पहाडी जिल्ला हो । यस जिल्लाको सदरमुकाम तानसेनमा पर्दछ भने यसको क्षेत्रफल १३७३ वर्ग कि.मी रहेको छ । राष्ट्रिय जनगणना २०७८ को विवरण अनुसार पाल्पा जिल्लाको कुल जनसंख्या २,४५,०२७ रहेको छ, जसमध्ये पुरुष १,१२,७६१ (४६ %) र महिला १,४५,०२७ (५६%) रहेका छन् जसले गर्दा लैङ्गिक अनुपात ८५ छ भने पाल्पा जिल्लाको जनघनत्व १७८ मात्र रहेको छ ।२ वटा संघीय निर्वाचन क्षेत्र र ४ वटा प्रादेशिक निर्वाचन क्षेत्र रहेको यस जिल्लामा स्थानीय तहको पुनः संरचना पश्चात १० वटा स्थानीय तहमा विभाजन गरिएको छ जसमा २ नगरपालिका र ८ गाँउपालिका रहेका छन् भने जम्मा ८१ वटा वडाहरू रहेका छन ।

१.२. अस्पतालको उद्देश्यहरु

- नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने,
- प्रत्येक नागरिकले सहज रुपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्राणालीको स्थापना गर्ने,
- स्वास्थ्य बीमा गरेका नागरिकहरुलाई सहज रुपमा उपचार सेवा उपलब्ध गराउने
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता सुनिश्चित गरि अस्पतालको सुदृढिकरणमा समुदाय तथा नीजि क्षेत्रको संलग्नता वृद्धि गर्दै अपनत्व प्रवद्र्धन गर्ने
- विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरि सेवा तथा उपकरणहरु व्यवस्थापन र परिचालन गर्ने

<u>भावी सोच</u>

नागरिकहरुको सहज गुणस्तरिय उपचार ,स्वस्थ, उत्पादनशिल र गुणस्तरिय नागरिक निर्माण गर्ने ।

<u>ध्येय</u>

उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग मार्फत सेवाग्राही र सरोकारवालाहरु बीच रणनीतिक सहकार्य गरी नागरिकहरुको सहज गुणस्तरिय उपचार पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

लक्ष्य

आधुनिक सेवाहरु थप गरि आधारभूत स्वास्थ्य समस्याहरुको उपचारका लागि ठुला शहरमा जानुपर्ने

बाध्यताको अन्त्य गरि उपचार सेवाको पहुँत वृद्धि गर्ने र न्यायसंगत एवम जवाफदेहि प्रणालीको माध्यमबाट उपचार सेवा उपलब्ध गराउने

सोचहरू

अल्पकालीन सोचहरू

- ✓ पाल्पा अस्पतालमा विस्तारित स्वास्थ्य सेवा प्रदान गर्नका लागि ओपिडी सेवा विस्तार गरिने।
- ✓ पाल्पा अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि विशेषज्ञ सेवा विस्तार गर्ने ।
- ✓ पाल्पा अस्पतालमा अस्पतालको आफ्नै सुरक्षित भरपर्दो पानीको स्रोत व्यवस्थापन गरी पानीको आपूर्ति सहज गर्ने ।
- ✓ पाल्पा अस्पतालमा जेष्ठ नागरिक तथा अपाङ्ग लागि जेष्ठ नागरिक ओपिडी सञ्चालन गरिनेछ।
- ✓ विशेषज्ञ तथा जनरल चिकित्सकहरूको व्यवस्थापन तथा प्रोत्साहनको लागि कार्यविधि बनाई प्रोत्साहन मुस्कान सहितको गुणस्तरीय सर्वसुलभ सेवा प्रदानको सुनिश्चितता गर्ने ।
- ✓ अस्पतालबाट प्रदान गरिने सेवाको सम्पूर्ण विवरण गराउनका लागि इलेक्ट्रोनिक मेडिकल रेकर्ड सिस्टम लागू गर्ने ।
- ✓ अस्पतालमा गरिने प्रिस्क्रिप्सनहरूमा जेनेरिक प्रशिक्षण सुरु गर्ने ।
- ✓ अस्पतालको आन्तरिक तथा बाह्य सुन्दरता बनाउन लागि सुन्दर पर्यावरण विकास गर्न गार्डेन तथा अस्पताल परिसरको सजावटलाई विशेष ध्यान दिने।
- ✓ विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूसँग समन्वय गरी शिक्षाशास्त्र अन्तर्गत स्नाकोत्तर गरिरहेका विद्यार्थीद्वारा MD Resident Doctor द्वारा सेवा विस्तार गर्ने ।
- ✓ सी एस एस डी विभागलाई एकीकृत द्वारद्वारा सञ्चालन गरी सेन्टर सीएसएससी स्थापना गरिनेछ।
- ✓ अस्पतालमा उपलब्ध गराइने औषधिहरूको सुपत मूल्यमा उपलब्धताका लागि खरिद प्रक्रिया स्वस्थ र प्रतिस्पर्धी बनाई स्रोतको उच्चतम उपयोग गरी इलेक्ट्रोनिक बिडिङ मार्फत औषधि प्रक्रिया औषधि खरिद प्रक्रिया सञ्चालन गरिनेछ।
- ✓ जिल्ला स्थित सम्पूर्ण पालिकाहरू स्थानीय प्रशासन अन्य कार्यालय तथा स्वास्थ्य कार्यालय सँग समन्वय गरी आवश्यक पूर्वाधार स्रोत व्यवस्थापन तथा सहजीकरणको लागि व्यवस्था मिलाइनेछ।

दीर्घकालीन सोचहरू

- जिल्ला स्थित पालिकाहरूको समन्वय तथा सम्बन्धलाई सुधार गरी "हाम्रो अस्पताल, राम्रो अस्पताल", रुपमा विकास गरी सम्पूर्ण बिरामीको विश्वास बढाई सेवाको गुणस्तर उच्चतम राख्दै बिरामीहरू उपचारका लागि अस्पतालमा आउने वातावरण उपचारका लागि बाहिर जानुपर्ने अवस्था अन्त्य गराइनेछ ।
- पाल्पा अस्पताललाई सुविधा सम्पन्न ५० शैय्या विशेषज्ञ चिकित्सक सहितको अस्पतालमा स्तरउन्नति गरिउनका लागि आवश्यक प्रक्रिया अघी बनाइने छ ।
- विशेषज्ञ चिकित्सक सहित गुणस्तरीय सेवा प्रदानका लागि पाल्पा अस्पताललाई सक्षम बनाइनेछ ।
- आईसीयु सेवा विस्तार गरि अस्पतालबाट रिफर हुने बिरामीको संख्या न्यून बनाइनेछ।
- सिटी स्क्यान लगायत जाँचहरू गराउनको लागि जिल्ला बाहिर जानुपर्ने अवस्था अन्त्य गर्नका लागि व्यवस्था मिलाइनेछ ।
- आँखा उपचार सेवा केन्द्र विस्तार गरी गुणस्तरीय आँखा उपचार सेवा प्रदान गरिनेछ ।
- अस्पताललाई स्वास्थ्य सम्बन्धी तालिमका लागि स्वास्थ्य तालिम सहितको रुपमा स्थापित गरिनेछ ।
- अस्पताललाई गण्डकी प्रदेशकै साथै मध्यपाडी लोकमार्ग कालीगण्डकी कोरिडोर ,अन्तर्गत रहनेगरी विशिष्टकृत ट्रमा सेन्टर Trauma Center को रूपमा विस्तार गरिनेछ ।
- अस्पताललाई नर्सिङ तथा प्यारामेडिक्स अध्ययन अध्यापन गराउनका लागि स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा स्तर उन्नति गरिनेछ ।

१.३. पाल्पा अस्पतालको स्थापना

पाल्पा अस्पताल राणाकालिन समयमा बुटवलमा फैलिरहने हैजा रोक्नको लागि शिवराज अस्पताल बहादुरगंज पृथ्वीवीर अस्पताल परासी र पछि भीम अस्पताल भैरहवा जस्तै पृथ्वी चन्द्र अस्पतालको रुपमा पाल्पामा शूरु भएको पाइन्छ ।राजा पृथ्वीवीर र प्रधानमन्त्री चन्द्र शम्सेरको पालामा शुरु भएको र भवनको माथि PCH पृथ्वी चन्द्र अस्पताल देख्न सकिन्छ ।अस्पतालको लागि ७ रोपनी जमिन र त्यसमा खानेपानीको लागि टंकी र करुवाको लागि घरको पनि व्यवस्था भएको देखिन्छ ।भवन कहिले वन्यो, कहिले थपियो यसमा प्रयोग भएको निर्माण सामाग्रीबाट अनुमान गर्न सकिन्छ । आर्थिक वर्ष २०७७/७८ मा यस अस्पताललाई

लुम्विनी प्रदेश सरकारले ५० शैयाको अस्पतालको रूपमा स्तरोन्नति गरेको थियो ।यसको छेउमा मोहन कन्या मा वि अर्थात मोहनशमसेरको पालामा स्थापना भएको स्कुलको छात्रावासको भवन रहेको छ। अस्पतालमा भेटिएको कागजपत्र अनुसार वि सं १९६९ मा अस्पताल बनेको देखिन्छ भने पृथ्वी चन्द्र अस्पताल, पाल्पा हेल्थ सेन्टर हुँदै वि सं २०४२/१२/१४ गते पाल्पा अस्पतालको नाममा दरवन्दी सृजना भएको पाइन्छ ।

१.४. पाल्पा अस्पतालको भौतिक संरचना

पाल्पा अस्पताल हाल पनि भौतिक पूर्वाधारका दृष्टिले पर्याप्त र आधुनिक मापदण्डअनुसार सुसज्जित हुन सकेको छैन। अस्पतालको डिजाइन तथा भवन संरचना पुरानो ढाँचामा आधारित भएकाले सेवा प्रवाहमा विभिन्न प्रकारका अवरोधहरू देखा परेका छन्।

- **Hospital Standard Design:** अस्पतालको डिजाइन पुरानो ढाँचाको भएकाले आधुनिक स्वास्थ्य मापदण्डअनुसारको आवश्यक स्थान र संरचना अभाव छ। यसले स्वास्थ्य सेवा विस्तार र कार्य दक्षतामा बाधा पुऱ्याएको छ।
- **Hospital Room:** उपचार कक्षहरू सीमित तथा साँघुरा छन्, जसले विरामीहरूको सहजता र गोपनीयता सुनिश्चित गर्न कठिनाइ उत्पन्न गरेको छ।
- **Doctor Quarter:** चिकित्सकहरूको लागि आवासीय क्वार्टर अत्यन्तै सीमित छन्, जसले सेवा अवधिमा चिकित्सकहरूलाई निरन्तर बसोबास गर्न असुविधा पुऱ्याउँछ।
- **Nurses Quarter:** नर्सहरूका लागि पनि पर्याप्त क्वार्टरको अभाव छ, जसले शिफ्ट ड्युटीमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई कठिनाइ पुऱ्याएको छ।
- **Paramedics Quarter / Other Staff Quarter:** प्रयोगात्मक र अन्य सहयोगी स्टाफका लागि कुनै क्वार्टर उपलब्ध छैन, जसले जनशक्ति व्यवस्थापनमा चुनौती उत्पन्न गरेको छ।
- **CEONC Infrastructure:** मातृ तथा नवजात आपत्कालीन सेवा (Comprehensive Emergency Obstetric and Neonatal Care – CEONC) का लागि आवश्यक पूर्वाधार र ठाउँ अभावमा सेवा पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन।
- **Maternity Waiting Room:** सुत्केरी महिलाका लागि प्रतीक्षालयको ठाउँ अपर्याप्त र पुरानो संरचनामा आधारित छ।
- **Post-Mortem Room:** पोष्टमार्टम कक्ष पनि सानो र अपर्याप्त भएकोले कानुनी तथा चिकित्सीय प्रक्रियामा कठिनाइ हुने गरेको छ।

समग्रमा, अस्पतालका भवनहरू र पूर्वाधारहरू स्थान, डिजाइन र कार्यक्षमताका हिसाबले सुधारको अत्यावश्यक आवश्यकता रहेको स्पष्ट देखिन्छ। यसका लागि नयाँ भवन निर्माण, पुनःडिजाइन, र कार्यक्षेत्र विस्तार प्राथमिकताका रूपमा लिनु जरुरी छ।

१.५. प्रदेश सरकार अन्तर्गतको संरचना

११ औं तहको कार्यालय प्रमुख सहित ११ जनाको विशेषज्ञ चिकित्सक तथा ६ जना मेडिकल अधिकृतहरुको दरवन्दी सहित ६४ जनाको स्वीकृत दरवन्दी रहेको मा स्थायी पदपुर्ति २८ जना भएको छ भने दरवन्दी करार, कार्यक्रम , छात्रवृत्ति तथा समिति करार गरि जम्मा १०३ जना कार्मचारीहरु कार्यरत छन । जम्मा स्थायी २८ जना मात्रै छन्, जसले अस्पतालमा स्थायी संरचना कमजोर भएको जनाउँछ। करार र ज्यालादारी (committee) मिलाएर ५६ जनाभन्दा बढी कार्यरत छन्। यो "service continuity" को लागि सहयोगी भए पनि दीर्घकालीन दृष्टिले अस्थिर स्थिति हो। ३ जना चिकित्सक अध्ययन बिदामा छन्, जसले अस्थायी अभाव सिर्जना गरेको छ। वरिष्ठ चिकित्सक र Nursing Administrator जस्ता उच्च तहमा पदपूर्ति छैन। यस्ता पदहरू भरिनु आवश्यक छ, ताकि प्रशासनिक र विशेषज्ञ सेवा सुदृढ होस्।

वि.सं.२०७२ सालमा सामाजिक स्वास्थ्य सुरक्षाका रुपमा सुरुवात भएको स्वास्थ्य विमा कार्यक्रम वि.स.२०७३ साल पौष ११ गते देखि यस अस्पतालमा लागु भएको हो ।

१.६. अस्पतालमा अवस्थित वेड

अस्पताल बेड संख्या

Description	No.		
Sanctioned Bed (Government)	50		
Sanctioned Bed (Development committee)	-		
Total Operational Bed	23		
Total Available Bed	23		
Maternity	2	HDU	5
Pediatric		ICU	
Surgery		SNCU	
Medicine		NICU	
Post Operative		Emergency	5
General	10	Observation Emergency	
OCMC		Cabin	
Dialysis		Isolation	1
Geriatric		Other	

तालिकामा पाल्पा अस्पतालमा उपलब्ध शैय्या (बेड) को संरचना स्पष्ट रूपमा देखाइएको छ। सरकारी स्वीकृत बेड संख्या ५० रहेको छ, तर सञ्चालनमा रहेका (Operational) र प्रयोगमा उपलब्ध बेड संख्या २३ मात्र छन्। स्रोत, जनशक्ति वा पूर्वाधार सीमितताको कारणले अस्पतालले हाल आफ्नो क्षमता अनुसार सबै बेड सञ्चालन गर्न सकेको छैन। बेड वितरण संख्या मेटरनिटी वार्ड २ बेड, जनरल वार्डमा १० बेड, इमर्जेन्सीमा ५ बेड, HDU (High Dependency Unit) मा ५ बेड र Isolation Ward मा १ बेड रहेको छ। यस वितरणले अस्पतालको सेवा प्राथमिकता सामान्य उपचार, आपतकालीन सेवा र मध्यम–गम्भीर अवस्था भएका बिरामीतर्फ केन्द्रित रहेको संकेत गर्दछ।

कुल बेड क्षमता (५०) र सञ्चालनमा रहेका बेड (२३) बीचको अन्तर ५४% को जति रहेको छ, जसले अस्पतालको सञ्चालन क्षमता अझै पूर्ण रूपमा प्रयोगमा नआएको वैज्ञानिक तथ्य प्रस्तुत गर्दछ। यो अवस्थाले मानव स्रोत, उपकरण, बजेट वा पूर्वाधार विस्तारमा सुधार आवश्यक भएको जनाउँछ।

वैज्ञानिक दृष्टिले हेर्दा, उपलब्ध बेडहरू विभिन्न विभागहरूमा उचित रूपमा वितरण गरिएको देखिए पनि ICU, NICU वा Dialysis जस्ता उच्चस्तरीय बेडहरूको अभावले जटिल केस व्यवस्थापनमा अस्पताल सीमित हुनसक्ने निष्कर्ष निकालिन्छ। यस कारण भविष्यमा भवन निर्माण गरि बेड विस्तार, विशेष गरी Intensive र Critical Care Units मा लगानी गर्नुपर्ने आवश्यक देखिन्छ।

२. अस्पतालमा प्रदान गरिएका सेवा प्रवाहको विवरण


२. अस्पतालबाट प्रदान गरिएको मुख्य सेवाहरुको तथ्यङ्कीय विवरण :

यस अस्पतालमा स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली HMIS ले निर्दिष्ट गरे अनुसार अस्पतालमा उपलब्ध सेवाहरुको तथ्याङ्क संकलन गरिन्छ । संकलित तथ्याङ्कहरु सोही तोकेअनुसार DHIS 2 मासिक रुपमा प्रविष्ट गरिन्छ । DHIS2 मा प्रविष्ट तथ्याङ्कको आधारमा तल विभिन्न सेवाहरुको विश्लेषण गरिएको छ ।


२.१ ओ.पि.डि सेवा

पाल्पा अस्पतालको ओ.पी.डी. सेवा (Out Patient Department) यस अस्पतालको मुख्य प्रवेशद्वार र सर्वाधिक सक्रिय सेवा इकाई हो। यो विभागबाट बिरामीहरूले प्रारम्भिक स्वास्थ्य परीक्षण, विशेषज्ञ परामर्श, औषधि सेवा, प्रयोगशाला तथा इमेजिङ परीक्षण, र आवश्यकता अनुसार अन्य विभागहरूमा रिफरल सेवा प्राप्त गर्छन्। ओ.पी.डी. सेवा न केवल अस्पतालको दैनिक गतिविधिको केन्द्र हो, यो नै जनताको अस्पतालप्रतिको धारणा र सन्तुष्टिको मुख्य सूचक पनि हो।

यस अस्पतालको ओ.पि.डि विभाग विरामीलाई सबै भन्दा धेरै सेवा प्रदान गर्ने विभाग हो । स्वास्थ्य विमा लागु हुनु पूर्व दैनिक ४० देखि ५० जनाको हाराहारीमा विरामी द्वारा सेवा लिई रहेकोमा स्वास्थ्य विमा लागु पश्चात दैनिक ४०० देखि ५०० जनाको हाराहारीमा सेवा प्रदान गरिरहेको छ । आ.व.२०८०/८१ मा ९८७२७ जना, आ.व. २०८१/८२ मा जम्मा ९६८८४ र आ.व. २०८२/८३ मा १०८२७५ जना विरामी द्वारा सेवा लिदै आएको देखिन्छ ।



अस्पतालमा आउने विरामीहरुको प्रमुख १० स्वास्थ्य समस्याहरु (प्रतिशतमा)



सेवा वृद्धिका प्रमुख कारणहरू

१. **स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयनः**

बिरामीले न्यून शुल्कमा वा बीमामार्फत सेवा लिन पाउने भएपछि स्वास्थ्य सेवा पहुँच बढेको छ।

२. **विशेषज्ञ सेवाको विस्तारः**

पाल्पा अस्पतालमा मेडिसिन, MDGP, आँखा लगायतका विशेषज्ञ सेवा सञ्चालनमा छन्, जसले ओ.पी.डी.मा आकर्षण बढाएको छ।

३. **गुणस्तरीय सेवा र औषधि उपलब्धता :**

आवश्यक परीक्षण (Laboratory, Radiology, ECG आदि) र आवश्यक औषधिहरू अस्पतालमै उपलब्ध भएकाले बिरामीहरू पुनः आउने दर उच्च छ।


४. **जनताको अस्पतालप्रतिको विश्वासः**

सरकारी अस्पतालमा सफा वातावरण, समयमै उपचार र औषधि वितरण प्रणालीले जनविश्वास बढाएको छ।

२.२ आकस्मिक विभाग

यस विभागमा २४ सै घण्टा चिकित्सक तथा पेरामेडिक्सद्वारा आउने बिरामीहरूलाई निरन्तर स्वास्थ्य सेवा प्रदान हुँदै आएको छ। विशेषगरी चोटपटक तथा दमसम्बन्धी समस्या भएका बिरामीहरूले यस विभागबाट बढी सेवा लिएको देखिन्छ। साथै सामान्य चिरफार, घाउमा टाँका लगाउने, ड्रेसिङ गर्ने तथा हातखुट्टा भाँचिएका बिरामीहरूलाई प्लास्टर गर्ने लगायतका आवश्यक उपचारात्मक सेवाहरू नियमित रूपमा प्रदान गरिँदै आएको छ।


त्यसैगरी, कुकुरको टोकाइबाट आउने बिरामीहरूलाई प्रदेश आपूर्तिमार्फत प्राप्त हुने Anti-Rabies Vaccine (ARV) निःशुल्क रूपमा उपलब्ध गराई सेवा प्रदान गरिएको छ। प्रदेश आपूर्तिबाट ARV उपलब्ध हुन नसकेको अवस्थामा बिरामीको उपचारमा कुनै बाधा नहोस् भन्ने उद्देश्यले विकास समितिको निर्णयअनुसार विकास समितिको बजेटबाट खरिद गरी उक्त खोपसमेत निःशुल्क रूपमा उपलब्ध गराउँदै आएको छ।



२.३ इन्डोर विभाग

यस विभागमा भर्ना भएर उपचार गराउन पर्ने विरामीहरु लाई चिकित्सक तथा स्वास्थ्य कर्मीहरुको प्रत्यक्ष निगरानीमा आवश्यकता अनुसार अक्सिजन र मनिटर सहितको HDU मा सेवा प्रदान गर्दै आइरहेको छ भने भर्ना भएका विरामीलाई निःशुल्क खाना तथा नास्ताको व्यवस्था गरिएको छ । सरकारको


चित्रमा देखिएको ग्राफ अनुसार, पाल्पा अस्पतालमा अन्तरिक (इनडोर) सेवाबाट बिरामी भर्ना हुने संख्या तीन आर्थिक वर्षमा फरक–फरक देखिन्छ।



बिरामी भर्ना संख्यामा आएको उतार चढावको प्रमुख कारण विशेषज्ञ चिकित्सकको उपलब्धता तथा सेवाको निरन्तरता रहेको देखिन्छ। विशेषज्ञ चिकित्सकको उपलब्धता कम हुँदा उपचारका लागि आउने तथा भर्ना हुने बिरामीको संख्या घटेको र विशेषज्ञ सेवा पुनः प्रभावकारी रूपमा सञ्चालन भएपछि बिरामी भर्ना संख्यामा वृद्धि भएको देखिन्छ। आ.व. २०८२/८३ मा बिरामी भर्ना संख्या बढेर ५१८ जना पुग्नुमा विशेषज्ञ चिकित्सकको सेवा उपलब्धताले सकारात्मक प्रभाव पारेको देखिन्छ।

२.४ सुरक्षित मातृत्व सेवा

अस्पतालले गर्भवती जाँच तथा सल्लाह, गर्भ परिक्षण,सुरक्षित सुत्केरी, न्यानो झोला वितरण, सुरक्षित गर्भपतन सेवा, पाठेघरको मुखको क्यान्सर जाँच (VIA) लगायतका आमा सुरक्षा सम्बन्धी सेवाहरु उपलब्ध गराउदै आइरहेको छ । अस्पतालमा दक्ष प्रसुतिकर्मि सहित सुत्केरी सेवाहरु प्रदान गराउदै आइरहेको छ ।



पाल्पा अस्पतालमा सामान्य प्रसूति सेवाको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०८०/८१ मा १२ वटा, २०८१/८२ मा ६ वटा र २०८२/८३ मा ६ वटा मात्र सामान्य प्रसूति भएको देखिन्छ। यसबाट अस्पतालमा सामान्य प्रसूति सेवाको उपयोगमा उल्लेख्य कमी आएको अवस्था देखिन्छ। अस्पतालमा **CEONC (Comprehensive Emergency Obstetric and Newborn Care) Site** को व्यवस्था नहुनु प्रसूति सेवा विस्तार तथा जटिल प्रसूति व्यवस्थापनमा महत्वपूर्ण चुनौतीका रूपमा रहेको छ। आवश्यक आपतकालीन प्रसूति तथा नवजात शिशु सेवा एकीकृत रूपमा उपलब्ध नहुँदा जटिल केसहरूको तत्काल व्यवस्थापन गर्न कठिनाइ हुने र अन्य सुविधा सम्पन्न स्वास्थ्य संस्थामा रेफर गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

सुधारका उपयहरु :

- CEONC Site स्थापना तथा सञ्चालन गर्ने।


- Labor Room तथा प्रसूति वार्डको भौतिक संरचना स्तरोन्नति गर्ने।
- गर्भवती महिलाका लागि नियमित स्वास्थ्य शिक्षा, परामर्श तथा प्रसूति पूर्व तयारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

२.५ ल्याब विभाग

यस अस्पतालको प्रयोगशाला विभाग अत्याधुनिक उपकरण द्वारा दैनिक १०० प्रकारका Test हरु गर्दै आएको छ। दैनिक रुपमा विरामीहरुले १५० देखि २०० जनाले ल्याब परिक्षण सेवा प्राप्त गरेका छन् । अस्पतालबाट प्रदान गरिने निदनात्मक सेवा अन्तर्गत विभिन्न Test हरु जस्तै सुगर , RFT,LFT, Lipid Profile, HBA1C, CBC Platelets, Dengue , Malaria, Scrub Typhus आदि लगायत जटिल Test हरु जस्तै थाइरोइडको परिक्षण (TFT), भिटामिन D लगायतका सेवाहरु २४ सै घण्टा प्रदान गर्दै आइरहेको छ । वि.सं २०८२/०८/२२ गते देखि कल्चर सेवा विस्तार गरिएको छ, जसमध्ये हाल Urine, Blood, Sputum र Pus को कल्चर गर्दै आइरहेको छ ।


विमा समितीको निर्णयानुसार प्रयोगशाला सेवा अन्तर्गतका विभिन्न परीक्षण वापत शुल्क निर्धारण गरिएको छ, तर नेपाल सरकारले तोकेका लक्षित वर्गलाई प्रयोगशाला जाँच छुट सहित प्रदान गर्ने गरिन्छ ।

प्रस्तुत तथ्यांकअनुसार अस्पतालको प्रयोगशालाबाट प्रदान हुँदै आएको ल्याब सेवाको उपयोगमा पछिल्ला आर्थिक वर्षहरूमा समग्र रूपमा वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा जम्मा २६,१५२ वटा ल्याब परीक्षण सम्पन्न भएकोमा आर्थिक वर्ष २०८१/८२ मा २६,८७५ वटा परीक्षण सम्पन्न भएको देखिन्छ। त्यसैगरी आर्थिक वर्ष २०८२/८३ मा ल्याब परीक्षणको संख्या उल्लेखनीय रूपमा वृद्धि भई जम्मा ३१,३७३ पुगेको छ।




महिनागत रूपमा हेर्दा असार महिनामा सबैभन्दा बढी ३,७५२ वटा र फागुण महिनामा सबैभन्दा कम १,९७७ वटा ल्याब परीक्षण भएको पाइन्छ। जेठ र असार महिनामा परीक्षणको संख्या तुलनात्मक रूपमा बढी रहेको देखिन्छ भने कार्तिक तथा फागुण महिनामा परीक्षण संख्या न्यून रहेको छ। समग्रमा, उपलब्ध तथ्यांकले अस्पतालको प्रयोगशाला सेवाको माग र उपयोगमा सकारात्मक तथा उल्लेखनीय वृद्धि भइरहेको देखाउँछ। बढ्दो सेवाग्राहीको चापलाई मध्यनजर गर्दै प्रयोगशालाको

जनशक्ति, उपकरण, आवश्यक रिएजेन्ट तथा अन्य सामग्रीको पर्याप्त व्यवस्थापन, गुणस्तर सुनिश्चितता र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ।




२.६ सुरक्षित गर्भपतन सेवा

अस्पतालले तालिम प्राप्त नर्सिङ्ग कर्मचारी तथा विशेषज्ञबाट दैनिक रुपमा निःशुल्क गर्भपतन सेवा दिदै आइरहेको छ । १२ हप्ता सम्मको मेडीकल तथा सर्जिकल गर्भपतन सेवा महिला सेवाग्राहीको स्वास्थ्य जाँच गरी गोप्य रुपमा दिइन्छ । तथ्याङ्क अनुसार आ.व. २०८०/८१ मा २ जनाले सर्जिकल गर्भपतन सेवा लिए भने २१२ जनाले मेडिकल गर्भपतन सेवा लिएका छन त्यसै गरी आ.व. २०८१/०८२ मा ५ जना सर्जिकल तथा २२४ जनाले मेडिकल गर्भपतन सेवा लिए तथा आ.व. २०८२/०८३ मा १० जनाले सर्जिकल गर्भपतन सेवा लिए भने २१६ जनाले मेडिकल गर्भपतन सेवा लिएको देखिन्छ ।



आ.व.२०८२/८३ मा सुरक्षित गर्भपतन सेवा लिने हरुमा २० वर्ष मुनिको सेवाग्राही ७ जना छन्, यो संख्या यस वर्ष सुरक्षित गर्भपतन सेवा लिने जम्मा सेवाग्राही २२६ को ३.०९ प्रतिशत हुन आउछ । जुन कुरा संगैको पाईचार्टमा समेत देखाईएको छ ।अपरिपक्क उमेरमा गर्भभारण गरी गर्भपतन सेवा लिन ३.०९ प्रतिशत सेवाग्रहीको संख्या घटाउन सम्बन्धीत सरोकारवालाहरुले ध्यान दिन जरुरी देखिन्छ ।



२.७ फार्मेसी

यस अस्पतालको फार्मेसी विभाग द्वारा स्वास्थ्य विमा कार्यक्रम अन्तर्गतका सम्पूर्ण औषधिहरु उपलब्ध गराउदै आएको छ । विशेष गरि सुगर, प्रेसर, दम तथा थाइरोइड जस्ता समस्याका विरामीहरु यस विभागका मुख्य सेवाग्राहीहरु हुन ।दैनिक २०० जना विरामीहरुले करिव ५०० प्रकारका औषधिहरु यस अस्पतालको फार्मेसी बाट प्राप्त गरिरहेका छन ।

फार्मेसी विभागको आर्थिक वर्ष २०८२/०८३ को विवरण

विवरण	*अवस्था*
फार्मेसी संचालन गरेको मिति	*२०७२*
फार्मेसीमा उपलब्ध औषधिहरुको संख्या	*५६०*
फार्मेसीमा कार्यरत जनशक्ति संख्या	*९ (१ जना कार्यालय सहयोगी सहित)*
Software को अवस्था	*Riddhi Siddhi*
हालसम्मो लागानी	*रु. २,५४,७७,४१०*
प्रति महिना औषत बिक्री रकम	*रु. ६१,०५,१०६*

पाल्पा अस्पतालमा बिरामीहरूलाई आवश्यक औषधि तथा औषधिजन्य सामग्री सहज, नियमित र व्यवस्थित रूपमा उपलब्ध गराउने उद्देश्यले फार्मेसी विभाग सञ्चालनमा रहेको छ। अस्पतालको उपचार सेवासँग प्रत्यक्ष रूपमा जोडिएको यस विभागले चिकित्सकको सिफारिसअनुसार बिरामीलाई औषधि उपलब्ध गराउनुका साथै औषधिको भण्डारण, अभिलेखीकरण, बिक्री–वितरण तथा स्टक व्यवस्थापनसम्बन्धी कार्य गर्दै आएको छ।

पाल्पा अस्पतालको फार्मेसी सेवा वि.सं. २०७२ सालदेखि सञ्चालनमा रहेको छ। हाल फार्मेसीमा विभिन्न प्रकारका ५६० वटा औषधि तथा औषधिजन्य सामग्री उपलब्ध रहेका छन्। सेवाको नियमित सञ्चालन तथा व्यवस्थापनका लागि कुल ९ जना जनशक्ति कार्यरत छन्, जसमा १ जना कार्यालय सहयोगी समेत रहेका छन्। फार्मेसीको दैनिक कारोबार तथा स्टक व्यवस्थापनलाई व्यवस्थित गर्न Riddhi Siddhi Software प्रयोग हुँदै आएको छ।

२.८ MCH Clinic

पाल्पा अस्पतालको MCH क्लिनिक ले मातृ तथा शिशु स्वास्थ्यका हरेक पक्षमा केन्द्रित सेवा प्रदान गर्ने एक समन्वित स्वास्थ्य इकाईको रूपमा कार्य गर्दै आएको छ। यो क्लिनिकले गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण, सुरक्षित प्रसूति पूर्व सल्लाह (Antenatal Care – ANC), प्रसूति पश्चात् निगरानी (Postnatal Care – PNC), नवजात शिशुको स्वास्थ्य परीक्षण, खोप (Immunization), परिवार नियोजन (Family Planning) तथा पोषण सल्लाहजस्ता सेवा समावेश गर्छ।

MCH सेवा सार्वजनिक स्वास्थ्य प्रणालीको मेरुदण्ड हो, जसको उद्देश्य मातृ मृत्यु दर (MMR) र शिशु मृत्यु दर (IMR) घटाउने हो। यस क्लिनिकमा तालिम प्राप्त नर्स, सहायक स्वास्थ्यकर्मी र चिकित्सकहरूको टोलीले प्रमाणमा आधारित (evidence-based) सेवा प्रदान गर्छन्। सेवा लिन आउने महिलाहरूलाई आयरन–फलिक एसिड, टिटानस खोप, रक्तचाप र हेमोग्लोबिन परीक्षण लगायत नियमित स्वास्थ्य जाँच गरिन्छ, जसले गर्भावस्था सम्बन्धी जटिलता समयमै पत्ता लगाउन सहयोग पुऱ्याउँछ। शिशु पक्षमा, जन्म पछि नवजातको वजन, स्तनपानको अवस्था, खोप तालिका, तथा वृद्धि विकासको मूल्याङ्कन गरिन्छ। साथै, पोषण अभाव, संक्रमण नियन्त्रण र स्तनपान प्रोत्साहनका लागि परामर्श प्रदान गरिन्छ। OCMC र बाल–मैत्री स्वास्थ्य सेवा कार्यक्रमसँगको समन्वयले लैङ्गिक हिंसा पीडित आमाहरू र उनका शिशुलाई समेत स्वास्थ्य सुरक्षाको दायरामा ल्याउने कार्यमा योगदान पुऱ्याएको छ।

समग्रमा, पाल्पा अस्पतालको MCH क्लिनिकले मातृ र शिशु स्वास्थ्य सुधारमा वैज्ञानिक रूपमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ, जसको प्रत्यक्ष प्रभाव सुरक्षित मातृत्व, स्वस्थ बाल्यावस्था र दीर्घकालीन सामुदायिक स्वास्थ्य सुदृढीकरणमा देखिन्छ।

२.९ गर्भवती जाँच सेवा

पाल्पा अस्पतालले मातृ तथा शिशु स्वास्थ्य सुधारका उद्देश्यले नियमित रूपमा गर्भवती महिलाहरूलाई प्रसूति पूर्व जाँच (Antenatal Check-up - ANC) सेवा प्रदान गर्दै आएको छ।

गर्भावस्थाको समयमा नियमित स्वास्थ्य परीक्षणबाट आमा र बच्चा दुवैको स्वास्थ्य स्थिति निगरानी गर्न, जटिलता समयमै पत्ता लगाउन तथा सुरक्षित सुत्केरी सुनिश्चित गर्न सहयोग पुग्दछ। यस प्रतिवेदनमा आर्थिक वर्ष २०८१/८२ को अवधिमा गर्भवती जाँचमा सहभागी महिलाहरूको तथ्याङ्क तथा विश्लेषण समावेश गरिएको छ।

उद्देश्य

१. गर्भवती महिलाहरूको स्वास्थ्य अवस्थाको नियमित निगरानी गर्ने।

२. प्रारम्भिक (पहिलो १२ हप्ता भित्र) गर्भ जाँचको पहुँचको मूल्याङ्कन गर्ने।

३. WHO को प्रोटोकल अनुसार ४ पटक र ८ पटकका जाँचमा सहभागिताको दर पत्ता लगाउने।

४. सेवा सुधारका सम्भावित क्षेत्रहरू पहिचान गर्ने।

२० वर्ष भन्दा माथिका महिलाहरूको सहभागिता धेरै (९५% भन्दा बढी) छ। यसले प्रारम्भिक विवाह वा कम उमेरमा गर्भधारण दर घट्दो देखाउँछ, जुन सकारात्मक सूचक हो।

गर्भवती जाँच (पटक)	महिलाको संख्या	
	<२० बर्ष	≥ २० बर्ष
1	2	3
पहिलो (जुनसुकै समयको)	4	231
१२ हप्ता सम्म	4	179
४ पटक (१६ ,२०-२४, ३२ र ३६ हप्ता)	1	97
८ पटक (प्रोटोकल अनुसार)		62

कुल १८३ महिलाले गर्भावस्थाको पहिलो १२ हप्ता भित्र नै जाँच गराएका छन्। यसले गर्भावस्थाको सुरुवाती अवस्थामा स्वास्थ्य संस्थाको पहुँच राम्रो रहेको देखाउँछ।

४ पटकको अनिवार्य जाँच पूरा गर्ने महिलाको संख्या ९८ र ८ पटकको WHO प्रोटोकल अनुसार पूर्ण जाँच गर्ने महिलाको संख्या ६२ मात्र रहेको छ।

यसले देखाउँछ कि पहिलो जाँचपछि पुनः जाँचमा आउने महिलाको अनुपात घट्दो छ, सम्भवतः दूरी, जनचेतना अभाव, वा पारिवारिक जिम्मेवारीका कारण।

आ.व. २०८२/८३ मा पाल्पा अस्पतालमा २३५ गर्भवती महिलाले कम्तीमा एक पटक जाँच गराएका छन् ।महिलाहरूको प्रारम्भिक (१२ हप्ताभित्रको) जाँचमा सहभागिता सन्तोषजनक देखिए पनि ४ वा ८ पटकको नियमित जाँचमा सहभागिता अझै बढाउन आवश्यक देखिन्छ। निरन्तर

जनचेतना, पहुँच विस्तार र अनुगमन प्रणाली सुदृढ पारेर मातृ तथा नवजात मृत्यु दर घटाउन योगदान पुऱ्याउन सकिनेछ।

२.१० परिवार नियोजन सेवा :

पाल्पा अस्पतालले मातृ तथा नवजात स्वास्थ्य सुधार र परिवार नियोजनको उद्देश्यले विभिन्न अस्थायी गर्भनिरोधक साधन (Temporary Contraceptive Methods) प्रदान गर्दै आएको छ। यस सेवाको मुख्य उद्देश्य भनेको दम्पतीलाई गर्भधारणमा अन्तराल दिन सहयोग पुऱ्याउनु, अनावश्यक गर्भधारण रोक्नु, र महिलाको स्वास्थ्यमा सुधार ल्याउनु हो।

उद्देश्य

- अस्थायी गर्भ निरोधक साधन प्रयोग गर्ने महिलाको संख्या पहिचान र विश्लेषण गर्ने।
- उमेर समूह अनुसार नयाँ प्रयोगकर्ताको विवरण पत्ता लगाउने।
- दीर्घकालीन तथा छोटो अवधिका साधनहरूको लोक प्रियता मूल्याङ्कन गर्ने।
- आगामी वर्षका लागि सेवा सुधारका सम्भावना पहिचान गर्ने।

आर्थिक वर्ष २०८२/८३ मा अस्पतालबाट प्रदान गरिएका अस्थायी परिवार नियोजन साधनहरूको तथ्याङ्क अनुसार डिपो र इम्प्लान्टको प्रयोग तुलनात्मक रूपमा बढी रहेको देखिन्छ। डिपोका ८४६ जना र इम्प्लान्टका २,१५० जना हाल प्रयोगकर्ता रहेका छन्। साधन वितरणतर्फ डिपो २८१ डोज र इम्प्लान्ट ८६ सेट वितरण भएको तथ्याङ्क छ।

- **डिपो:** ८४६ जना हाल प्रयोगकर्ता, ७८ जना नयाँ प्रयोगकर्ता (२० वर्षभन्दा कम) र १३६ जना सेवामा नियमित नभएका प्रयोगकर्ता रहेका छन्। कुल २८१ डोज वितरण भएको छ।
- **इम्प्लान्ट :** २,१५० जना हाल प्रयोगकर्ता, ८६ जना नयाँ प्रयोगकर्ता (२० वर्षभन्दा कम), २,१५० जना ≥२० वर्ष समूहका हाल प्रयोगकर्ता र ४३ जना सेवामा नियमित नभएका प्रयोगकर्ता देखिन्छन्। ८६ सेट वितरण भएको छ।
- **पिल्स पिल्स:** १७ जना नयाँ प्रयोगकर्ता (२० वर्षभन्दा कम), १७८ जना ≥२० वर्ष समूहका हाल प्रयोगकर्ता र १८ जना सेवामा नियमित नभएका प्रयोगकर्ता रहेका छन्। १६२ साइकल वितरण भएको छ।
- **आई.यु.सी.डी.:** ११ जना नयाँ प्रयोगकर्ता (२० वर्षभन्दा कम) र ९४४ जना ≥२० वर्ष समूहका हाल प्रयोगकर्ता रहेका छन्। ११ सेट वितरण भएको छ।

अस्थायी साधन	नयाँ प्रयोगकर्ता		हाल आपनाई रहेका	सेवामा नियमित नभएका	साधन वितरण	
	<२० वर्ष	≥ २० बर्ष			इकाई	परिमाण
1	2		3	4	5	6
कण्डम					गोटा	4950
आकस्मिक गर्भनिरोधक चक्की					डोज	
पिल्स		17	178	18	साइकल	162
डिपो		78	846	136	डोज	281
सायना प्रेस					डोज	
आई. यु. सी. डी.		11	944		सेट	11
इम्प्लान्ट		86	2150	43	सेट	86

- **कण्डम:** ४,९५० गोटा वितरण भएको छ। तर उमेर समूह अनुसार नयाँ तथा हाल प्रयोगकर्ताको विवरण उपलब्ध नभएकाले प्रयोगकर्ताको अवस्था छुट्टै विश्लेषण गर्न कठिन देखिन्छ।

२.११ Radiology Services

इमेजिङ्ग सेवा (Radiological Services) स्वास्थ्य सेवाको अत्यन्त महत्वपूर्ण अंग हो, जसको माध्यमबाट बिरामीको शरीरभित्रका अंग, हड्डी, तन्तु, र रोगको स्थिति दृश्यात्मक रूपमा पत्ता लगाइन्छ। यस सेवाले निदान (Diagnosis), उपचार योजना (Treatment Planning) र रोगको प्रगति मूल्याङ्कन (Monitoring) मा ठुलो सहयोग पुऱ्याउँछ।


पाल्पा अस्पतालमा रेडियोलोजी विभागद्वारा विभिन्न प्रकारका एक्स–रे, अल्ट्रासाउन्ड, र विशेष इमेजिङ्ग परीक्षणहरू प्रदान गरिँदै आएको छ।

उद्देश्य

- ✓ बिरामीका हड्डी, छाती, पेट, मृगौला, पाठेघर आदि अंगहरूको समस्या पत्ता लगाउने।
- ✓ रोगको सही निदानका लागि चिकित्सकलाई आधारभूत प्रमाण उपलब्ध गराउने।
- ✓ उपचार अघि र पछि हुने परिवर्तनको मूल्याङ्कन गर्ने।
- ✓ आकस्मिक अवस्थाहरूमा (Accident, Fracture, Pneumonia आदि) तुरुन्त परिणाम उपलब्ध गराउने।


२.११.१ X-Ray सेवा

अस्पतालले ४ जना रेडियोग्राफर बाट २४ औं घण्टा एक्सरे सेवा प्रदान गर्दै आएको छ । पाल्पा अस्पतालमा एक्स–रे सेवा बिरामीको रोगको निदानका लागि अत्यावश्यक उपकरणका रूपमा प्रयोग गरिन्छ। हड्डी भाँचिने, छाती, पेट, मृगौला, फोक्सो, र अन्य आन्तरिक संरचनाको अवस्था बुझ्न एक्स–रे परीक्षणको प्रयोग गरिन्छ। यस सेवाको उपयोग वर्षे–वर्ष बढ्दो क्रममा रहेको देखिन्छ।




"प्रस्तुत तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा १२,६६३ वटा X-Ray सेवा प्रदान गरिएकोमा आर्थिक वर्ष २०८१/८२ मा बढेर १३,३८२ पुगेको देखिन्छ। त्यसैगरी आर्थिक वर्ष २०८२/८३ मा १२,७५० वटा X-Ray सेवा प्रदान गरिएको छ। यसरी २०८१/८२ मा X-Ray सेवाको संख्या अघिल्लो वर्षको तुलनामा वृद्धि भए पनि २०८२/८३ मा केही कमी आएको देखिन्छ। तथापि २०८२/८३ को सेवा संख्या २०८०/८१ को तुलनामा केही बढी रहेकोले तीन वर्षको समग्र प्रवृत्ति तुलनात्मक रूपमा स्थिर रहेको देखिन्छ।"

२.११.२ भिडीयो एक्सरे (USG) सेवा



आ.व. २०८०/०८१ मा ८६१, आ.व. २०८१/०८२ मा ४३४ र आ.व. २०८२/०८३ मा ९७८ जना सेवाग्राहीले USG सेवा प्राप्त गरेका छन्। अघिल्लो आर्थिक वर्षको तुलनामा आ.व. २०८२/०८३ मा USG सेवामा उल्लेख्य वृद्धि भएको देखिन्छ। उक्त वृद्धि हुनुमा गाइनोकोलोजिष्ट चिकित्सकको नियमित उपलब्धता तथा स्त्री तथा प्रसूति रोगसम्बन्धी सेवाको विस्तार प्रमुख कारण रहेको छ। विशेषज्ञ चिकित्सकको उपलब्धताका कारण गर्भवती तथा स्त्रीरोगसम्बन्धी बिरामीको USG परीक्षणमा पहुँच र सेवा उपयोग बढेको देखिन्छ।

२.१२ इ.सि.जि सेवा



तीन आर्थिक वर्षको अवधिमा ECG सेवाको संख्या घटेर पुनः वृद्धि भएको उतार चढावपूर्ण प्रवृत्ति देखिन्छ। २०८०/०८१ मा ECG सेवाको संख्या सबैभन्दा बढी र २०८१/०८२ मा सबैभन्दा कम रहेको छ भने २०८२/०८३ मा सेवा पुनः सुधार भएको देखिन्छ। यसले ECG सेवाको माग तथा उपयोगमा वर्षअनुसार केही परिवर्तन भए पनि समग्र रूपमा सेवा प्रवाह निरन्तर रहेको देखाउँछ।

२.१३ क्षयरोग उपचार केन्द्र (DOTS):

यस अस्पतालमा रोग निदान भएका विरामीलाई दर्ता गरी उपचार व्यवस्था मिलाउने, उपचारको अनुगमन, क्षयरोगीको सम्पर्कमा आएका व्यक्तिहरुको स्केनिङ्ग गरी आवश्यकता अनुसार खकार परीक्षण, औषधि सामाग्रीहरु व्यवस्थापन, रजिष्टर उपचार कार्ड अभिलेख अध्यवधिक गर्ने, Adverse Effect को पहिचान गर्ने र गम्भिर प्रकृतिका देखापरेमा सम्बन्धित निकायमा प्रेषण गर्ने, प्रतिवेदन गर्ने, गोपनियता कायम राख्ने आदि काम गर्न क्षयरोग उपचार केन्द्र संचालन गरिएको छ । यो सेवा

शनिवार,आइतवार तथा सार्वजनिक विदाका दिन बाहेक प्रत्येक दिन विहान ९:०० बजे देखि साझ ५:०० बजे सम्म सञ्चालन हुदै आएको छ ।

Case Registration [1]												
Type of TB	New		Relapse		TAF*		TALF**		OPT***		UPTH****	
	F	M	F	M	F	M	F	M	F	M	F	M
1	2	3	4	5	6	7	8	9	10	11	12	13
Pulmonary (BC)	8	6		4								
Pulmonary (CD)	2	1										
Extra Pulmonary (EP)	7	14										

Referred [2]				
Type of TB	Self	Private Sector	Communit	Contract Investigati
1	2	3	4	5
Pulmonary (BC)	5	13		
Pulmonary (CD)		3		
Extra Pulmonary (EP)		21		

आ.व.२०८२/०८३ मा कुल ३८ जना नयाँ क्षयरोगका बिरामी पाल्पा अस्पतालमा दर्ता भएका छन्। Extra Pulmonary TB (२१ जना) सबैभन्दा बढी भेटिएको छ, जसले फोक्सा बाहेकका अङ्गहरूमा संक्रमण फैलिएको देखाउँछ। Pulmonary TB (BC) १४ जना र Pulmonary (CD) ३ जना दर्ता भएका छन्। Private Sector बाट रेफरल दर सबैभन्दा बढी (८८% भन्दा माथि) भएको छ, जसले निजी क्षेत्र र सरकारी अस्पताल बीच राम्रो समन्वय रहेको देखाउँछ। Relapse (पुनःसंक्रमण) भएका बिरामीहरूको संख्या कम (केवल ४ जना) भएकोले उपचार सफल दर राम्रो रहेको बुझिन्छ। महिलाभन्दा पुरुष बिरामीको अनुपात बढी देखिएको छ।

२.१४ एक द्वार संकट व्यवस्थापन केन्द्र (OCMC)

लैङ्गिक हिंसा :

लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा महिला, बालबालिका वा अन्य व्यक्तिलाई शारीरिक, यौनजन्य, मानसिक क्षति वा पीडा पुर्याउने कार्यहरु पर्दछन् र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रुपमा महिला, बालबालिका वा अन्य व्यक्तिलाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कार्य समेतलाई जनाउँदछछ।

लैङ्गिक हिंसा महिला तथा पुरुष दुबै लिङ्गमा हुन सक्ने भएता पनि हाम्रो जस्तो पुरुष प्रधान मूल्य र मान्यता भएको समाजमा महिला र बालबालिकाहरु नै धेरै प्रभावित हुने गरेको पाइन्छ।

लैङ्गिक हिंसाका प्रकारहरु :

१. बलात्कार/करणी २. यौनजन्य दुर्व्यवहार ३. शारीरिक दुर्व्यवहार

४. जबर्जस्ती तथा बालविवाह ५. स्रोत साधन र अधिकारबाट बञ्चित

६. मानसिक दुर्व्यवहार ७. परम्परागत रुढिवादी परम्पराका आधारमा भेदभाव

एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) के हो ?

एकद्वार संकट व्यवस्थापन केन्द्र भनेको सबै लैङ्गिक हिंसा प्रभावित महिला, बालबालिका तथा पुरुषहरुलाई एकीकृत रुपमा बिना भेदभाव गुणस्तरीय स्वास्थ्य सेवा, चिकित्साजन्य प्रमाण सङ्कलन र संरक्षण, आवश्यक मनोविमर्श सेवा, आवश्यक सुरक्षा व्यवस्था र परिवार वा समुदायमा पुनस्थापना, जीविकोपार्जन तथा कानुनी सहयोग र सुरक्षित आवास उपलब्ध गराउने उद्देश्यले देशका तोकिएका जिल्लाका केन्द्र, प्रदेश वा जिल्ला अस्पतालहरुमा स्थापना गरिएको संकट व्यवस्थापन केन्द्र हो। जस अन्तर्गत २०७४ सालबाट पाल्पा अस्पताल तानसेनमा पनि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) स्थापना भई लैङ्गिक हिंसा प्रभावित र पिडकलाई समेत स्वास्थ्य लगायत सूचितकृत सबै सेवाहरु उपलब्ध गराउँदै आईरहेको छ।

एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट प्रदान गरिने सेवाहरूः

- हिंसा पीडित वा प्रभावितको स्वास्थ्य सम्बन्धी विवरण संकलन, परीक्षण, उपचार अभिलेखीकरण गर्ने,
- शारीरिक चोट पटकको उपचार तथा चिकित्साजन्य जाँच गर्ने,
- कानुनी प्रमाणका लागि विधि विज्ञान (Forensic Examination) तथा चिकित्सासम्बन्धी कानुनी (Medico-Legal) परीक्षण गर्ने/गराउने,
- कानुनी प्रमाणका लागि आवश्यक पर्ने नमूनाको संकलन एवम् संरक्षण गर्ने,
- गर्भ परीक्षण तथा आकस्मिक गर्भ निरोधक सेवा उपलब्ध गराउने,
- सुरक्षित गर्भपतन सेवाप्रदान गर्ने,
- सुरक्षा, कानुनी उपचार तथा, आश्रय, र पुनस्थापनाको लागि व्यवस्था मिलाउने,
- यौनजन्य संक्रमणको उपचार गर्ने,
- एच.आइ.भी जाँच तथा परामर्श सेवा उपलब्ध गराउने,
- हेपाटाइटिस बि बाट बचावट गर्ने,
- प्रभावितलाई मानसिक स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने,

- लैङ्गिक हिंसा पीडित वा प्रभावितको पहिचान तथा उपचारका लागि तयार गरीएको क्लिनिकल प्रोटोकल अनुसार सेवा उपलब्ध गराउने। आवश्यकता अनुसारको प्रेषण तथा अन्य सेवा उपलब्ध गराउने।

आ.व.२०८२/८३ पाल्पा अस्पतालको OCMC अन्तर्गतको तथ्याङ्कीय विवरणः

Number of Reported Cases by Service		**Types of Violence**		**Number of New Cases by Caste**	
Service	**No of New Visit**	**Violence**	**No**	**Caste**	**No**
Physical Examination	63	Emotional	1	Dalit	9
Safe Abortion	8	Physical Violence	5	Janajati	45
Injury	9	Child/ Forced Marriage	25	Muslim	1
Psychosocial Counseling	63	Sexual Assault	227	Brahmin/ Chhetri	7
Medico legal Service	15	Rape	5	Others	1
HIV testing/ Counseling	55				
Pregnancy Test	48				
Emergency Contraceptive	9				
STI Treatment	2				

- ✓ OCMC पाल्पा ले एकै ठाउँमा उपचार, कानुनी सहयोग, र परामर्श उपलब्ध गराउँदै बहुआयामिक सेवा प्रवाह गरेको छ।
- ✓ पीडितहरूको सन्दर्भमा यौन तथा लैङ्गिक हिंसा प्रमुख समस्या रहेको छ।
- ✓ सेवाको पहुँच विभिन्न जातीय समुदायसम्म पुगेको देखिन्छ, तर सामाजिक सचेतना र रोकथाम कार्यक्रम अझै आवश्यक छ।
- ✓ मनोसामाजिक सहयोग र कानूनी सशक्तीकरण क्षेत्रमा OCMC को योगदान उल्लेखनीय छ।

२.१५ सामाजिक सेवा एकाई अन्तर्गत निःशुल्क स्वास्थ्य सेवा

सामाजिक सेवा इकाई अन्तर्गतका निःशुल्क स्वास्थ्य सेवाहरू नेपाल सरकारको नीति अनुसार आर्थिक रूपमा कमजोर, विपन्न, अशक्त, ज्येष्ठ नागरिक तथा अन्य विशेष समूहहरूलाई लक्षित गरी प्रदान गरिन्छ। यी सेवाहरू अस्पतालभित्रै Social Service Unit (SSU) मार्फत उपलब्ध गराइन्छ।

<u>सामाजिक सेवा इकाईको उद्देश्य</u>

- ✓ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नु।
- ✓ उपचार खर्चका कारण कोही पनि नागरिक वञ्चित नहोस् भन्ने सुनिश्चितता।
- ✓ आर्थिक, सामाजिक वा शारीरिक कारणले उपचारमा समस्या भएकालाई सहयोग पुऱ्याउने।

<u>निःशुल्क स्वास्थ्य सेवाका प्रमुख प्रकारहरू</u>

(क) लक्षित समूहका लागि निःशुल्क सेवा

- ✓ *गरिब तथा विपन्न वर्ग(गरिब परिचयपत्रधारी व्यक्तिहरू)*
- ✓ अपाङ्गता भएका व्यक्ति
- ✓ एकल महिला, ज्येष्ठ नागरिक र बालबालिका
- ✓ दलित तथा पिछडिएको समुदायका व्यक्ति
- ✓ दुर्घटनाग्रस्त र हिंसापीडित व्यक्ति (OCMC मार्फत)

अस्पतालले माथि उल्लेखित लक्षित वर्गहरुले आ.व.२०८२/०८३ मा अस्पतालको विभिन्न शाखाबाट प्राप्त गरेको सेवा संख्याको विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ

Free Health Services and Social Security Programme							
Patients at	Ultra Poor/ Poor	Helpless/ Destitute	Disabled	Sr. Citizens > 60 Years	FCHV	Gender Based Vollence	Others
1	2	3	4	5	6	7	8
Outpatients	160	2	30		4		45
Inpatients	34						8
Emergency	33	4	2				56
Referred Out	3	1					1

।

"आ.व. २०८२/०८३ मा पाल्पा अस्पतालबाट सामाजिक सुरक्षा तथा निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमअन्तर्गत जम्मा ३८३ जना सेवाग्राही लाभान्वित भएका छन्। लाभग्राहीमध्ये अति विपन्न/विपन्न वर्गको सहभागिता सबैभन्दा बढी २३० जना रहेको छ। यसले आर्थिक तथा सामाजिक रूपमा कमजोर वर्गलाई स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न कार्यक्रम प्रभावकारी रहेको देखाउँछ।"

२.१६ मेडिको लिगल सेवा

तालिम प्राप्त चिकित्सक द्वारा पोष्टमार्टम, घाउ जाच, प्रारम्भिक परीक्षणका लागि प्रहरीहरु द्वारा ल्याईएका कैदीबन्दीहरुको जाँच, एक द्वार संकट व्यवस्थापन केन्द्र (OCMC) द्वारा लैंगिक हिंसा पिडितहरुको नि:शुल्क परिक्षण, उपचार तथा व्यवस्थापन गर्दै आएको छ ।

Medico legal Cases in the fiscal year 2081/082

Cases	**No**
Autopsy	140
Physical Injury	224
Drunkenness'	285


पाल्पा अस्पतालले प्रदान गरिरहेको मेडिको–लिगल सेवा (Medico-Legal Services) कानुनी र चिकित्सकीय दुवै जिम्मेवारीमा आधारित सेवा हो, जसअन्तर्गत चिकित्सकहरूले न्यायिक प्रक्रियामा प्रयोग हुने प्रमाणिक चिकित्सकीय परीक्षणहरू सञ्चालन गर्छन्। आर्थिक वर्ष २०८२/०८३ को तथ्यांक अनुसार अस्पतालले १४० वटा पोष्टमार्टम (Autopsy), २२४ वटा शारीरिक चोटपटक (Physical Injury) परीक्षण र २८५ वटा मदिरा सेवन सम्बन्धी परीक्षण (Drunkenness) गरेको देखिन्छ ।

२.१७ डेन्टल सेवा

पाल्पा अस्पतालको डेन्टल सेवा विभागले मुख, दाँत र गिजासम्बन्धी रोगहरूको रोकथाम, उपचार र जनस्वास्थ्यमा योगदान पुऱ्याउने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यस सेवामा तालिम प्राप्त दन्त चिकित्सक र सहायक स्वास्थ्यकर्मीहरूले प्रमाणमा आधारित (evidence-based) उपचार प्रणाली अपनाउँछन्।


मुख्य रूपमा प्रदान गरिने सेवाहरूमा दाँत निकाल्ने (Extraction), फिलिङ्ग (Filling), स्केलिङ्ग (Scaling), रुट क्यानाल उपचार (Root Canal Treatment), डेन्टल एक्स–रे (Dental X-ray), प्रोस्थोडन्टिक सेवा (Artificial Teeth / Denture Service) र बाल दन्त स्वास्थ्य सेवा समावेश छन्। साथै, मुखको क्यान्सर, गिजाको रोग, वा माउथ अल्सर जस्ता अवस्थाको प्रारम्भिक पहिचान र सल्लाह पनि दिइन्छ।

वैज्ञानिक दृष्टिले, डेन्टल सेवाको उद्देश्य मौखिक स्वास्थ्य सुधार गरी शरीरको समग्र स्वास्थ्यमा योगदान पुऱ्याउनु हो। मुखमा रहेका संक्रमण वा दन्त क्षयको उपचार समयमै नगर्दा हृदय, मिर्गौला वा मधुमेहजस्ता रोगमा समेत प्रत्यक्ष असर पर्न सक्छ भन्ने प्रमाणले यो सेवा अझ आवश्यक बनाउँछ।



२.१८ आँखा सेवा विभाग

पाल्पा अस्पतालको आँखा सेवा विभागले दृष्टि सम्बन्धी समस्या, नेत्ररोग र नेत्रस्वास्थ्यको समग्र व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यस विभागमा प्रशिक्षित नेत्र विशेषज्ञ (Ophthalmologist) र नेत्र स्वास्थ्यकर्मीहरूले आधुनिक उपकरण र विधिहरू प्रयोग गरी आँखाका रोगहरूको जाँच, उपचार सेवा प्रदान गरिएको छ।



२.१९ फिजियोथेरापि सेवा

पाल्पा अस्पतालको फिजियोथेरापी विभागले शारीरिक असक्षमता, चोटपटक, स्नायु–मांसपेशी र अस्थि–सन्धि सम्बन्धी समस्या भएका बिरामीहरूको पुनर्स्थापना (Rehabilitation) र कार्यक्षमता सुधारमा केन्द्रित सेवा प्रदान गर्दै आएको छ।

यो सेवा तालिम प्राप्त फिजियोथेरापिस्टहरूद्वारा वैज्ञानिक मूल्याङ्कन (Assessment) र उपचार योजना (Treatment Plan) अनुसार सञ्चालन गरिन्छ। उपचारका प्रमुख विधिहरूमा


- ✓ Exercise Therapy (व्यायाम उपचार)
- ✓ Electrotherapy (जस्तै TENS, Ultrasound, IFT)
- ✓ Manual Therapy (मालिस, जोइन्ट मोबिलाइजेसन)
- ✓ Hydrotherapy र Heat Therapy
- ✓ Postural Correction र Gait Training

जस्ता आधुनिक उपचार पद्धतिहरू समावेश छन्।

वैज्ञानिक रूपमा हेर्दा, फिजियोथेरापीले शरीरका जोइन्ट र स्नायु तन्त्रबीचको कार्यसम्बन्धलाई सन्तुलित राख्दै पीडा घटाउने, गति पुनःस्थापना गर्ने र दीर्घकालीन अपाङ्गता रोकथाम गर्ने कार्य गर्दछ।

यो विभागमा अर्थोपेडिक, न्यूरोलोजिकल, कार्डियो–पल्मोनरी, र पेडियाट्रिक केसहरूमा विशेष ध्यान दिइन्छ। उदाहरणका रूपमा, हड्डी भाँचिएका बिरामी, स्ट्रोक भएका रोगी, जोइन्ट पेन वा बुढ्यौलीका कारण हुने मांसपेशी कमजोरी भएका व्यक्तिहरू नियमित रूपमा उपचार लिन आउँछन्।

पाल्पा अस्पतालले फिजियोथेरापी सेवामार्फत रोगीलाई आत्मनिर्भर बनाउन, औषधिमा निर्भरता घटाउन, र जीवनस्तर सुधार गर्न वैज्ञानिक दृष्टिले प्रभावकारी योगदान पुऱ्याएको छ। साथै, यस विभागले समुदायस्तरमा पनि सचेतना कार्यक्रम र होम–एक्सरसाइज तालिमहरू सञ्चालन गर्दै आएको छ।



२.२० जेष्ठ नागरिक सेवा

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने मौलिक हकको प्रत्याभूति गरेको छ। साथै, संविधानको धारा ४१ अनुसार ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रदान गरिएको छ।

यसै संवैधानिक मर्म र भावनालाई आत्मसात् गर्दै ज्येष्ठ नागरिकहरूलाई सर्वसुलभ, गुणस्तरीय र सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले स्वास्थ्य तथा खाद्य स्वाच्छता मन्त्रालयको संघीय सशर्त अनुदान कार्यक्रमअन्तर्गत पाल्पा अस्पतालमा पनि "ज्येष्ठ नागरिक (जेरियाट्रिक) स्वास्थ्य सेवा" निरन्तर रूपमा सञ्चालन भइरहेको छ।

चालू आर्थिक वर्षमा यस सेवालाई अझ बढी ज्येष्ठ नागरिकमैत्री, प्रभावकारी, पारदर्शी र व्यवस्थित बनाई लक्षित वर्गसम्म सहज पहुँच पुऱ्याउन सरकारद्वारा जारी मार्गदर्शन अनुरूप अस्पतालले ज्येष्ठ नागरिक स्वास्थ्य सेवा प्रवाहलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ।

आ.व २०८२/०८३ मा सेवा लिएको विवरण:

Disease	Number
Chronic Respiratory Disease	16
Coronary Artery Disease	41
Hypertension	107
Diabetes Mellitus	59
Benign Prostatic Hypertrophy	1
Depression	3
Osteoarthristis	9
Osteoporosis	5
Uninary Tract Infection	18
Others	146

२.२१ माहामारीजन्य सोगहरुको शीघ्र सूचना प्रणाली (EWARS)


अस्पतालबाट किट पशु तथा पानीजन्य विभिन्न संक्रमक सोगहरुको तत्काल र साप्ताहिक रुपमा नियन्तर प्रतिवेदन गर्ने प्रणाली नै Early Warning and Reporting System हो ।EWARS सेन्टिनल

साईटबाट एक हप्ताभरि देखिएका विभिन्न संक्रामक तथा महामारीजन्य रोगहरुको साप्ताहिक तथा कतिपय रोगहरुको द्रुत रुपमा प्रतिवेदन गरिरहनुपर्ने हुन्छ त्यसका लागि चिकित्सक तथा पारामेडिक्सहरुले समयमै मेडिकल रेकर्डरलाई जानकारी गराउनुपर्ने हुन्छ। सोको लागि EWARS सेन्टिनल साईट प्राईभेट तथा सरकारी अस्पतालका चिकित्सक, ल्याव तथा अन्य स्वास्थ्यकर्मिहरु लक्षित अभिमुखिकरण गरी संक्रामक तथा महामारीजन्य रोगहरु क्षति न्यूनिकरण गर्न अभिमुखिकरण कार्यक्रम संचालन गरिन्छ ।

आ.व २०८२/०८३ मा EWARS मा महामरी जन्य रोगहरुको तत्काल सूचना प्रवाह गर्न सूचना व्यवस्थापन प्रणाली सुदृढ गर्ने उद्येश्य बमोजिम संचालित यो कार्यक्रम पाल्पा अस्पतालले संचालन गरे पश्चात रोगहरुको तोकिएको समयमा नियमित प्रतिवेदन हुनुका साथ पाल्पा अस्पतालमा देखिएका किटजन्य रोग तथा महामारीजन्य रोगहरुको अवस्था बारे यस अस्पतालमा कार्यरत स्वास्थ्यकर्मिहरुलाई जानकारी प्राप्त भएको छ ।

मुख्य उपलब्धीहरु

- ✓ EWARS रिपोर्टीङ गर्नुपर्ने महामारीजन्य रोगहरुबारे समयमै रिपोर्टीङ भएको छ ।
- ✓ EWARS का रिपोर्टीङ रोगहरुबारे अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मिहरु स्पष्ट रुपमा जानकार भएका छन ।



२.२२ पाल्पा अस्पतालको फोहर व्यवस्थापन

पाल्पा अस्पतालले स्वास्थ्य संस्थामा उत्पन्न हुने फोहर (Hospital Waste) लाई सुरक्षित, व्यवस्थित र वातावरणमैत्री ढङ्गले व्यवस्थापन गर्ने उद्देश्यले संरचित फोहर व्यवस्थापन प्रणाली सञ्चालन गर्दै आएको छ।

- **Risk र Non-Risk फोहर छुट्याउने (Segregation of Risk and Non-Risk Waste):** अस्पतालमा फोहरलाई यसको जोखिम स्तर अनुसार छुट्याउने कार्य प्रभावकारी रूपमा भइरहेको छ। Risk waste (संक्रामक, विषालु वा जैविक फोहर) र Non-risk waste (सामान्य घरेलु प्रकारको फोहर) फरक–फरक कन्टेनरमा सङ्कलन गरिन्छ।
- **Storage Room:** संकलित फोहरलाई सुरक्षित रूपमा अस्थायी रूपमा राख्ने छुट्टै स्टोरेज कक्ष रहेको छ, जसले संक्रमण फैलनबाट रोकथाममा मद्दत पुऱ्याउँछ।
- **Autoclaving / Microwave System:** जोखिमयुक्त फोहरलाई निष्क्रिय पार्न (disinfect) अस्पतालले Autoclave मशीन प्रयोग गर्छ, जसले जीवाणु नष्ट गरी फोहरलाई सुरक्षित बनाउँछ।
- **Needle Cutter / Needle Destroyer:** अस्पतालमा प्रयोग गरिएका सुईहरू पुनःप्रयोग वा चोटपटक हुन नदिन ५ वटा Needle Cutter/Destroyer प्रयोगमा ल्याइएका छन्। यसले सुईजन्य संक्रमणको जोखिम घटाउँछ।
- **Transport Trolley:** अस्पतालमा फोहर संकलन र ढुवानीका लागि दुईवटा Transport Trolley प्रयोग गरिन्छ, जसले फोहर व्यवस्थापनलाई सफा र दक्ष बनाउँछ।
- **Placenta Pit:** प्रसूति सेवाबाट उत्पन्न Placenta लगायत जैविक फोहर व्यवस्थापनका लागि पृथक Placenta Pit निर्माण गरिएको छ।
- **Disposal Method:** अन्ततः फोहरलाई Segregation र Autoclaving विधिबाट सुरक्षित रूपमा नष्ट गरिन्छ, जसले वातावरणीय प्रदूषण न्यूनिकरणमा योगदान पुऱ्याउँछ।

यसरी पाल्पा अस्पतालले फोहर व्यवस्थापनका सबै प्रमुख चरणहरू छुट्याउने, संकलन, उपचार र अन्तिम नष्टिकरण लाई व्यवस्थित रूपमा लागू गरेको छ। यद्यपि, भविष्यमा अझ प्रभावकारी बनाउन निरन्तर निगरानी र आधुनिक प्रविधिको प्रयोग आवश्यक देखिन्छ।

३. पाल्पा अस्पतालका सूचक

३.१ Bed Occupancy Rate : अस्पतालमा उपलब्ध कुल शय्याहरू (beds) मध्ये कति प्रतिशत शय्यामा बिरामीहरू भर्ना भएर उपचार गराइरहेका छन् भन्ने यस सूचकले देखाउँछ।
पाल्पा अस्पतालको स्थितिः आर्थिक वर्ष २०८०/८१ मा ३७.४% रहेको यो दर २०८१/८२ मा घटेर १८.५३% पुगेको थियो भने २०८२/८३ मा केही सुधार भई २२.२४% पुगेको छ। यसले अस्पतालको क्षमताको तुलनामा बिरामी भर्ना दर अझै धेरै कम रहेको देखाउँछ।

३.२ Average Length of Stay : भर्ना भएका बिरामीहरू औसतमा कति दिन अस्पतालमा बसेर उपचार गराउँछन् भन्ने यसले जनाउँछ। २०८०/८१ मा ३.३ दिन रहेकोमा क्रमशः घटेर २०८१/८२ मा ३ दिन र २०८२/८३ मा २.९७ दिन पुगेको छ। यो एक सकारात्मक सुधार हो, जसले उपचार प्रक्रिया छिटो र प्रभावकारी हुँदै गएको देखाउँछ।

३.३ Throughput (Patients per Bed) : एक निश्चित अवधिमा (सामान्यतया एक वर्षमा) एउटा शैयामा औसतमा कुल कति जना बिरामीको भर्ना भई उपचार सम्पन्न भयो भन्ने मापन गर्ने सूचक हो। प्रति शैया वार्षिक भर्ना हुने बिरामीको सङ्ख्या ३.४० बाट घटेर २.४० मा झरेको छ (२९.४१% को कमी)।

३.४ Bed Turnover Interval : एउटा बिरामी डिस्चार्ज भएर गएपछि सोही शैयामा अर्को नयाँ बिरामी भर्ना नहुन्जेल त्यो शैया औसतमा कति दिन खाली रह्यो भन्ने मापन गर्ने सूचक हो। आव २०८०/८१ मा एउटा बिरामी डिस्चार्ज भएपछि अर्को बिरामी आउन औसत १०५ दिन लाग्ने गरेकोमा २०८१/८२ मा बढेर १९४.१५ दिन पुगेको थियो। आव २०८२/८३ मा घटेर १५९.५९ दिनमा आए पनि प्रारम्भिक वर्षको तुलनामा शैया खाली रहने समय ५१.९९% ले बढेको छ।

Trend of Key Hospital Indicators

Indicators	2080/81	2081/82	2082/83
Bed Occupancy Rate	37.4	18.53	22.24
Average length of stay	3.3	3	2.97
Throughput	3.4	1.84	2.4
Bed turnover interval	105	194.15	159.59

३.५ पाल्पा अस्पतालमा रोग नियन्त्रण कार्यक्रम (Disease Control Program)

२०८०/८१ देखि २०८२/८3 सम्मका तथ्याङ्कहरूको विस्तृत व्याख्या र विश्लेषण **प्रस्तुत गरिएको छ**

सूचक (Indicators)	२०८०/८१	२०८१/८२	२०८२/८३	व्याख्या र विश्लेषण
Number of blood collected for Malaria test	757	1129	470	आ.व. २०८०/८१ को तुलनामा २०८१/८२ मा परीक्षण दर ४९.१४% ले बढेको भए तापनि २०८२/८३ मा घटेर ४७० मा सीमित भएको छ। स्क्रिनिङको दायरामा उतारचढाव देखिएकाले शंकास्पद बिरामीको नियमित रगत परीक्षणमा थप निरन्तरता दिनुपर्ने देखिन्छ।
Number of slides positive	0	2	1	तीन वर्षको अवधिमा पोजिटिभ केसको सङ्ख्या अत्यन्त न्यून (कुल ३ वटा) छ। यसले पाल्पा अस्पतालको सेवा क्षेत्रमा मलेरियाको जोखिम नियन्त्रणमै रहेको देखाउँछ।
Total Tuberculosis cases (all form)	46	40	38	क्षयरोगका कुल बिरामीको सङ्ख्यामा लगातार गिरावट आएको छ (कुल १७.३९% ले कमी)। यसले समुदायस्तरमा क्षयरोगको सङ्क्रमण फैलावट घट्दै गएको सङ्केत गर्छ।
TB treatment success rate	94.59	95.56	97.67	क्षयरोग उपचार सफलता दर निरन्तर उच्च र सुधारोन्मुख छ। आ.व. २०८२/८३ मा ९७.६७% पुग्नुले अस्पतालको डट्स (DOTS) उपचार प्रणाली र बिरामी अनुगमन अत्यन्त प्रभावकारी रहेको पुष्टि गर्छ।
Total new cases of Leprosy	2	4	4	कुष्ठरोगका नयाँ बिरामीको सङ्ख्या २ बाट बढेर ४ पुगेको छ र पछिल्ला दुई वर्ष स्थिर रहेको छ। यसले अस्पताल वा समुदाय स्तरमा खोजपडताल (Case Finding) दायरा बढेको वा सङ्क्रमण फाट्टफुट्ट रूपमा अझै कायम रहेको देखाउँछ।

३.६. न्यूनतम सेवा मापदण्ड MSS

Indicators	2080/81	2081/82	2082/83
Governance	63%	67%	77%
Clinical service management	50%	59%	59%
Hospital support Service	53%	73%	78%
Overall MSS Score	**54%**	**64%**	**67%**

पाल्पा अस्पतालको MSS (Minimum Service Standards) Status ले विगत तीन वर्षमा अस्पतालका सेवा व्यवस्थापनमा देखिएका सुधार र चुनौतीहरू स्पष्ट रूपमा देखाउँछ। अस्पतालको समग्र सेवाको गुणस्तर, सुशासन तथा व्यवस्थापकीय पक्षको मूल्याङ्कन गर्ने न्यूनतम सेवा मापदण्ड (MSS) मा अस्पतालले निरन्तर प्रगति हासिल गर्दै आएको छ; जसअन्तर्गत सुशासनतर्फ आ.व. २०८०/८१ को ६३% बाट वृद्धि भई २०८२/८३ मा ७७%, क्लिनिकल सेवा व्यवस्थापनमा ५०% बाट ५९%, र अस्पताल सहयोग सेवातर्फ भौतिक पूर्वाधार एवम् सरसफाइमा व्यापक सुधार गर्दै ५३% बाट ७८% पुगेकाले अस्पतालको समग्र न्यूनतम सेवा मापदण्ड (Overall MSS Score) ५४% बाट क्रमिक रूपमा सुधार भई ६७% पुगेको छ, जसले अस्पतालको समग्र सेवा प्रवाह, सञ्चालन व्यवस्थापन र गुणस्तर अभिवृद्धिमा उल्लेख्य प्रगति भएको पुष्टि गर्दछ।

४. सारांश

४.१ मुख्य उपलब्धिहरू

४.१.१ Procurement of Ambulance (एम्बुलेन्स खरिद):

- *अस्पतालमा आउने विरामीहरुका लागि नयाँ एम्बुलेन्स खरिद गरि संचालन गरेको।*

४.१.२ Centralized E-Attendance (केन्द्रीकृत विद्युतीय हाजिरी प्रणाली):

- *कर्मचारीहरूको हाजिरीलाई एउटै केन्द्रीय प्रणालीमार्फत डिजिटल वा अनलाइन (इलेक्ट्रोनिक) तरिकाले व्यवस्थापन गरेको।*

४.१.३ Division of counters (4 Counters) (काउन्टरहरूको विभाजन - ४ वटा काउन्टर):

- *सेवाग्राहीको भीड तथा जेष्ठ नागरिकहरुलाई सहज सेवाका लागि सेवा काउन्टरहरूलाई ४ वटा फरक-फरक भागमा विभाजन गरियो।*

४.१.४ Establishment of Culture Lab and introductions and upgrade of investigations (TFT, Vit D Daily)

- *ब्याक्टेरिया/सङ्क्रमण परीक्षणका लागि 'कल्चर ल्याब' स्थापना गर्ने र थाइराइड (TFT - Thyroid Function Test) तथा भिटामिन D (Vit D) जस्ता प्रयोगशाला परीक्षणहरूको रिपोर्ट दैनिक रूपमा उपलब्ध गराउने गरी सेवाको स्तरोन्नति गर्ने कार्य गरियो।*

४.१.५ Extentions of Physiotherapy Service (फिजियोथेरापी सेवाको विस्तार):

- *शारीरिक पुनर्स्थापना वा नशा तथा मांसपेशी सम्बन्धी उपचार (फिजियोथेरापी) सेवालाई थप फराकिलो गरियो।*

४.१.६ Partition of Administration (प्रशासन शाखाको विभाजन/व्यवस्थापन):

- *प्रशासनिक कामकाजलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रशासनिक कक्ष वा शाखाहरूलाई छुट्टयाउने (पार्टिसन गर्ने) गरियो।*

४.१.७ Advancement of Dental setup (दन्त चिकित्सा सेवा/सेटअपको स्तरोन्नति):

- *दन्त रोग (दाँत तथा गिजा) सम्बन्धी उपचारलाई थप आधुनिक, प्रभावकारी र गुणस्तरीय बनाउन नयाँ उपकरण तथा प्रविधिको थप गरी सेवाको विस्तार गर्ने गरियो ।*

४.१.८ Presbyopic Eye glasses added (प्रेसबायोपिक चश्मा सेवाको थप):

- *उमेर ढल्कँदै जाँदा नजिकको वस्तु देख्न गाह्रो हुने (Presbyopia) समस्या भएका बिरामीहरूका लागि नजिक देख्ने विशेष चश्मा उपलब्ध गराउने सेवा थप गरियो ।*

४.१.९ OT Set Up (सल्यक्रिया कक्ष / अपरेसन थिएटरको स्थापना तथा व्यवस्थापन):

- *बिरामीहरूको सुरक्षित र प्रभावकारी शल्यक्रिया गर्नका लागि आवश्यक आधुनिक उपकरण र सुविधाहरू सहितको अपरेसन थिएटर (Operation Theatre) तयार गरियो ।*

४.२ समस्या तथा चुनौतीहरू

स्वास्थ्य संस्थाको स्तरोन्नति र सेवा विस्तारका प्रयासहरूका बाबजुद कार्यसम्पादन तथा सेवा प्रवाहमा निम्नलिखित समस्या तथा चुनौतीहरू रहेका छन्:

- जग्गा व्यवस्थापनको कठिनाइः भौतिक पूर्वाधारको थप विस्तार तथा दीर्घकालीन विकासका लागि आवश्यक उपयुक्त जग्गाको प्राप्ति र व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको।
- जीर्ण तथा साँघुरो भवन संरचनाः हाल रहेका भवन तथा संरचनाहरू पुराना, जीर्ण र साँघुरो भएकाले सेवाग्राहीको चाप धान्न र आधुनिक उपकरणहरू व्यवस्थापन गर्न कठिनाइ भइरहेको।
- विशिष्टीकृत विशेषज्ञ चिकित्सकको कमीः विषयगत विशेषज्ञ (Specialist) चिकित्सकहरूको अभावका कारण जटिल रोगको उपचारका लागि बिरामीहरूलाई अन्यत्र प्रेषण (Refer) गर्नुपर्ने बाध्यता रहेको।
- आधुनिक शल्यक्रिया तथा विशिष्टीकृत सेवाको सीमितताः पूर्ण क्षमताको आधुनिक अपरेसन थिएटर (OT) सहितका अन्य अति-विशिष्टीकृत (Sub-specialty) स्वास्थ्य सेवाहरू निरन्तर र पूर्ण रूपमा सञ्चालन गर्न भौतिक तथा प्राविधिक स्रोत-साधनको कमी रहेको।

४.३ भावी योजना

४.३.१ जग्गा प्राप्ति तथा पूर्वाधार विकासः

- अस्पतालको पूर्वाधार निर्माणका लागि उपयुक्त जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाउने।

- पुराना र जीर्ण संरचनालाई विस्थापित गरी सुविधायुक्त, अपाङ्गमैत्री तथा आधुनिक बहुभाषिक भवन निर्माण गर्ने।

४.३.२ शवगृह/ मर्चरी चेम्बर

- मर्चरी चेम्बर (Mortuary Chamber) खरिद गरी व्यवस्थित तरिकाले स्थापना तथा सञ्चालन गर्ने।

४.३.३ इको प्रोब खरिद (Echo Probe Procurement):

- मुटु तथा मुटु सम्बन्धी जाँच (Echocardiography) का लागि आवश्यक इको प्रोबु खरिद गरी मुटुरोग निदान सेवा सुदृढ गर्ने।

४.३.४ माइनर अपरेसन थिएटर उपकरण (Minor OT Equipment):

- साना शल्यक्रियाहरूका लागि आवश्यक पर्ने अत्यावश्यक माइनर ओटी उपकरणहरू खरिद तथा व्यवस्थापन गर्ने।

४.३.५ कर्मचारी आवास व्यवस्थापन (Quarter Management):

- जिल्ला बाहिरबाट आएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरूका लागि आवास व्यवस्थापन गर्ने।

४.३.६ नयाँ प्रयोगशाला परीक्षणहरू (New Lab Investigations):

- बिरामीहरूको थप र आधुनिक स्वास्थ्य परीक्षणका लागि नयाँ ल्याब इन्भेस्टिगेसन (New Investigations) सेवाहरू सञ्चालनमा ल्याउने।

४.३.७ नेत्र रोग सेवा स्तरोन्नति (Ophthalmology Setup - NCT / Slit Lamp):

- आँखाको दृष्टि तथा प्रेसर सम्बन्धी आधुनिक जाँचका लागि Non-Contact Tonometer (NCT) तथा स्लिट ल्याम्प (Slit Lamp) खरिद गरी नेत्र रोग सेवालाई स्तरोन्नति गर्ने।

अनुसूचि-१

पाल्पा अस्पताल

दरवन्दी तेरिज

क्र.सं	पद	श्रेणी / तह	सेवा	समुह	उपसमुह	खुद कायम गरिएको दरवन्दी	स्थायी पदपूर्ति	करार पदपूर्ति	कैफियत
१	अस्पताल प्रमुख	एघारौं	प्रदेश स्वास्थ्य			१	१	०	रासी प्रादेशिक अस्पतालमा कामकाज
२	मेडिकल सुपरिटेण्डेन्ट	नवौं / दशौं	प्रदेश स्वास्थ्य	ज.हे.श		१	०	०	
३	कन्सल्टेण्ट साईकाट्रिष्ट	नवौं / दशौं	प्रदेश स्वास्थ्य	साईकाट्रिक		१	०	०	
४	कन्सल्टेण्ट प्याथोलोजिष्ट	नवौं / दशौं	प्रदेश स्वास्थ्य	प्याथोलोजी		१	०	०	
५	कन्सल्टेण्ट रेडियोलोजिष्ट	नवौं / दशौं	प्रदेश स्वास्थ्य	रेडियोलोजि		१	०	०	
६	कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट	नवौं / दशौं	प्रदेश स्वास्थ्य	एनेस्थेसियोलोजि		१	०	०	
७	कन्सल्टेण्ट अर्थेपेडिक सर्जन	नवौं / दशौं	प्रदेश स्वास्थ्य	सर्जरी	अर्थेपेडिक सर्जरी	१	०	०	
८	कन्सल्टेण्ट जनरल सर्जन	नवौं / दशौं	प्रदेश स्वास्थ्य	सर्जरी	जनरल सर्जरी	१	०	०	
९	कन्सल्टेण्ट अव्सट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट	नवौं / दशौं	प्रदेश स्वास्थ्य	अव्सट्रेटिक्स तथा गाइनो		२	०	०	
१०	कन्सल्टेण्ट पेडियाट्रिसियन	नवौं / दशौं	प्रदेश स्वास्थ्य	पेडियाट्रिक	पेडियाट्रिक मेडिसीन	१	०	०	
११	कन्सल्टेण्ट जनरल फिजिसियन	नवौं / दशौं	प्रदेश स्वास्थ्य	मेडिसीन	जनरल मेडिसीन	१	०	०	
१२	मेडिकल अधिकृत	आठौं	प्रदेश स्वास्थ्य	ज.हे.श		६	३	२	२ अध्ययन
१३	डेण्टल सर्जन	आठौं	प्रदेश स्वास्थ्य	डेन्टिष्ट्री		१	१	०	१ अध्ययन विदा
१४	फार्मेसी अधिकृत	सातौं / आठौं	प्रदेश स्वास्थ्य	फार्मेसी		१	०	१	
१५	फिजियोथेरापिष्ट	सातौं / आठौं	प्रदेश स्वास्थ्य	फिजियोथेरापि		१	०	१	
१६	नर्सिङ अधिकृत	सातौं / आठौं	प्रदेश स्वास्थ्य	नर्सिङ	जनरल नर्सिङ	१	०	०	
१७	मेडिकल टेक्नोलोजिष्ट	सातौं / आठौं	प्रदेश स्वास्थ्य	म.ल्या.टे		१	०	१	
१८	रेडियोग्राफर	पाचौं /छैठौं	प्रदेश स्वास्थ्य	रेडियोग्राफी	रेडियोग्राफी	१	१	०	
१९	स्टाफ नर्स	पाचौं /छैठौं	प्रदेश स्वास्थ्य	जनरल नर्सिङ		७	४	३	
२०	हेल्थ असिस्टेन्ट /सि.अ.हे.व	पाचौं /छैठौं	प्रदेश स्वास्थ्य	हे.ई		१	०	१	
२१	बायोमेडिकल टेक्निसियन	पाचौं /छैठौं	प्रदेश स्वास्थ्य	विविध		१	०	१	

२२	फार्मेसी सहायक	पाचौं /छैठौं	प्रदेश स्वास्थ्य	फार्मेसी		१	१	०	
२३	अप्टिसियन सहायक	पाचौं /छैठौं	प्रदेश स्वास्थ्य	विविध		१	०	१	
२४	एनेस्थेटिक सहायक	पाचौं /छैठौं	प्रदेश स्वास्थ्य	विविध	एनेस्थेसिया	१	०	१	
२५	ल्याव टेक्निसियन	पाचौं /छैठौं	प्रदेश स्वास्थ्य	मे.ल्या.टे		२	२	०	
२६	लेखा सहायक/ अधिकृत	पाचौं /छैठौं	प्रदेश प्रशासन	लेखा		१	१	०	
२७	प्रशासन सहायक/ अधिकृत	पाचौं /छैठौं	प्रदेश प्रशासन	सामान्य प्रशासन		१	१	०	
२८	अप्टोमिट्रष्ट	पाचौं /छैठौं	प्रदेश स्वास्थ्य	विविध		१	०	१	
२९	अ.न.मी	चौथौं / पाँचौं	प्रदेश स्वास्थ्य	प.हे.न		५	४	१	
३०	अ.हे.व	चौथौं / पाँचौं	प्रदेश स्वास्थ्य	हे.ई		३	२	१	
३१	ल्याव असिष्टेन्ट	चौथौं / पाँचौं	प्रदेश स्वास्थ्य	मे.ल्या.टे		२	१	०	
३२	ब/प्रशासन सहायक	चौथौं / पाँचौं	प्रदेश प्रशासन	सामान्य प्रशासन		१	०	०	
३३	मेडिकल रेकर्डर	चौथौं / पाँचौं	प्रदेश स्वास्थ्य	मेडिकल रेकर्डस		१	१	०	
३४	डेण्टल हाइजिनिष्ट	चौथौं / पाँचौं	प्रदेश स्वास्थ्य	डेन्टिष्ट्री		१	१	०	
३५	कार्यालय सहयोगी	सेवा करारमा नियुक्त हुने		दरवन्दी नभएको		९	२	७	
३६	हलुका सवारी चालक	श्रेणी विहिन	प्रदेश इन्जिनियरिङ्ग			१	१	०	
	जम्मा					६४	२७	२२	

अनुसूचि-२

मानव शंसाधनको अवस्था

पद	दरवन्दी अनुसारको उपलब्धता			कार्यरत				
	स्वीकृत दरवन्दी	पदपुर्ती	लामो बिदामा	स्थायी	करार(दरवन्दी/ छात्राबृर्ती/कार्य क्रम)	समिति/ ज्यालादारी	जम्मा	काजमा आएको वा गएको
Hospital Chief-11th	**1**	**1**	**-**	**1**	**-**	**-**	**1**	**RPH Tulsipur**
Senior Consultants-9/10th	**11**	**-**	**-**	**-**	**0/4/0**	**-**	**4**	
MO/Dental Surgeon-8th	**6/1**	**5/1**	**3-अध्ययन**	**3/1**	**2/5/0**	**-**	**11**	
Laboratory Staff (4th-7th)	**1/2/2**	**1/2/1**	**-**	**0/2/1**	**1/0/1**	**2/5**	**12**	
Paramedic Staff (5th-8th)	**1/3**	**1/3**	**-**	**2**	**2/0/3**	**2/3**	**12**	
Medical Recorder (5th-8th)	**1**	**1**	**-**	**1**	**-**	**-**	**1**	
Nursing Staff(4th-8th)	**1/7/5**	**0/7/5**	**-**	**8**	**4/2/4**	**-**	**18**	
Admin/Account Staff (4th-10th)	**2/1**	**1/0**	**-**	**1**	**-**	**-**	**1**	
Other Staff-Health(5th-8th)	**9**	**9**	**-**	**3**	**6/0/5**	**2/8**	**24**	
Support staff (No Level)	**10**	**10**	**-**	**3**	**7/0/1**	**10/3**	**24**	
Total	**64**	**47**	**3**	**26**	**22/11/14**	**16/19**	**108**	

अनुसूची- ३

अस्पतालको विनियोजित वार्षक कार्यक्रम अनुसारको उपलब्धी				
विवरण		2080/81	2081/82	2082/83
जम्मा बिनियोजित बजेत रु		49022633	64815000	71314500
		खर्च रकम रु.		
सि.नं.	विवरण	2080/81	2081/82	2082/83
१	प्रादेशिक अस्पताल सुदृढीकरण (चालु)	3134882	9325971	6285943
२	उपचरात्मक सेवा कार्यक्रम	182345	163839	665949
३	परिवार कल्याण कार्यक्रम	1753055	1837989	1152593
४	प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम (पूँजीगत)			4377887
५	प्रादेशिक अस्पतालहरु(चालु)	27636112	36261318	37892002
६	नर्सिङ्ग तथा सामाजिक सेवा सुरक्षा कार्यक्रम	3999003	3709016	2606545
७	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	1734735	3762396	6465959
८	प्रादेशिक अस्पतालहरु (पँजीगत)	173100	198875	157104
९	एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम			527000
१०	महामारी रोग नियन्त्रण कार्यक्रम			156820

अनुसूचि-४

अस्पालको विकास समिती तर्फबाट विनियोजित वार्षिक कार्यक्रम अनुसारको उपलब्धी			
विवरण		2081/82	2082/83
जम्मा बिनियोजित बजेट रु		72750000	86140000
सि.नं.	विवरण	खर्च रकम रु.	
		2081/82	2082/83
१	अस्पताल विकास समिति संचालन खर्च	72477295	74121207

अनुसूचि-५

स्वास्थ्य बिमा कार्यक्रम आ.व. २०८२/८३	
बिबरण	**अवस्था**
अस्पतालमा स्वास्थ्य विमा सुरुवात गरिएको आ.व	073/074
अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत सेवा लिने विमितको जम्मा संख्या	94484
गत आ.व. २०८१/०८२ को विमा दावी भुक्तानी प्राप्त हुन बाँकि रकम	48146701
दाबी (Claim) गरिएको रकम रु.	125090678
दाबी (Approve) गरिएको रकम रु.	118594212.9
चालु आ.व. २०८२/०८३ सम्म दावी भुक्तानी हुनु पर्ने रकम	166740913
प्राप्त रकम रु.	107910460
भुक्तानी हुन बाँकि रकम रु.	58830453.86

अनुगमन तथा निरीक्षण





सर्वदलीय बैठक





Registration/ Token





COUNTER





वार्षिक समिक्षा २०८२/०८३















Pharmacy






Dressing/ Refer / Scan




MCH







DENTAL





WASTE MANAGEMENT





OPD











WAITING AREA






OPTHALMOLOGY



LAB







PHYSIOTHERAPY





विश्व स्तनपान सप्ताह कार्यक्रम







Oxygen Plant/ Postmortem





X-Ray







Parking Area/Post Mortem









